म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २२ सोमबार ४ भदौ २०८० ने. सं. ११४३ गुलाथ्व 21 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बसापार्कबाट लागूऔषधसहित बर्तौला पक्राउ

हेटौँडा, ३ भदौ/मकवानपुर प्रहरीले हेटौँडा उपमहानगर पालिका-१०, बसापार्कस्थित सार्वजनिक शौचालयबाट आइतबार लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौँडा उपमहानगरपालिका-११ नवलपुर बस्ने ४४ बर्षीय मनोज बर्तौला रहेका छन् । उनलाई लागूऔषध खैरो हिरोइनको धुलो १ ग्राम ३५० मिलीग्रामसहित पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । प्रहरीका अनुसार, विशेष सूचनाको आधारमा पुगेको प्रहरीले बर्तौलालाई शंका लागि चेकँजाच गर्दा उनको साथबाट यो परिमाणको खैरो हिरोईन बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । लागूऔषधसहित पक्राउ परेका बर्तौलामाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको जनाइएको छ ।

# भारतीयदेखि आन्तरिक पर्यटकले भरिँदै मकवानपुरगढी, ढुंगेगढीको प्रचार अभाव

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ क्षेत्रफलको दृष्टिकोणले देशकै ठूलो मकवानपुरगढी दरवार घुम्नेको संख्यामा निरन्तर वृद्धि भइरहेको छ ।

हेटौंडा बजारबाट नजिकै रहेको र सहज सडक पहुँचमा भएकाले आन्तरिक पर्यटकहरुको घुँइचो मकवानपुरगढी दरबारमा लागेको छ । शेन वंशीय राजाले राज्य चलाएको गढीको ऐतिहासिकता अवलोकन गर्नेको संख्या मध्यबर्खामा पनि दैनिक पाँच सयदेखि हजारकै हाराहारीमा छ । गर्मी छल्न मधेस प्रदेशबाट आउने आगन्तुकहरुका कारण पनि गढीमा चहलपहल र हिरहेको गढीमा चटपटे पसल चलाइरहेकी मकवानपुरगढी-२ की सीता तिमल्सिनाले बताइन् । आर्थिक वर्षको अन्त्यसँगै केही फुर्सदिला बनेका विभिन्न आर्थिक गतिविधिमा संलग्न संघसस्था, वित्तीय संस्थाहरु, सहकारी, विभिन्न स्थानीय तहलगायत संघसंस्थाहरुबाट सामूहिक भ्रमणमा आउने आगन्तुकको संख्यामा वृद्धि भएको पाइएको छ ।

विसं १००० तिरै तुला सेन नाम गरेका पहिलो सेन वंशीय राजाले निर्माण गरेको मानिने मकवानपुरगढी ११ औं शताब्दीको भव्य संरचनामध्येको एक मानिन्छ । तर, पुरातत्व विभागका तत्कालीन प्रमुख अनुसन्धान अधिकारी जनकलाल शर्मालाई उदृत गर्दै साफल्य अमात्यको २०२७ सालमा प्रकाशित प्रतिवेदनले एघारौं शताब्दीमा मकवानपुर शक्तिशाली सेन राज्य बनिसकेको थियो भनेर लेखेको छ । सेनहरु मकवानपुरबाट पश्चिततर्फ लाग्दै पाल्पा कब्जा गर्दै शासन गर्न थालेपछि मकवानपुर



पनि पाल्पाअन्तर्गत नै रहेकामा १६१० सालदेखि पाल्पाली राजा मुकुन्द सेनका कान्छा छोरा लोहाङ सेनले अलग्गै मकवानपुर राज्य स्थापना गरे ।

पृथ्वीनाराण शाहले कब्जा गर्नु अघिसम्म मकवानपुर स्वतन्त्र राज्य रहेको इतिहासकारहरु बताउँछन् । लोहाङ सेनले राज्य सञ्चालन गर्दा मकवानपुर हालको बिहारको विभिन्न क्षेत्रहरु, पूर्वी पहाडका सबै क्षेत्र, विजयपुर, मोरङ तथा भारतको पूर्णिया तथा सिक्किमसम्मै मकवानपुर राज्य फैलिएको पुरातत्वविद् जनकलाल शर्माको एक लेखमा उल्लेख छ । विशाल मकवानपुर राज्यको दुईसय ९ वर्षसम्म राजधानी रहेको मकवानपुरगढीको दरबार क्षेत्रमा अहिले आन्तरिक पर्यटकको चललपहल निकै बढेको हो ।

विगतमा हिउँदयाममा प्रशस्त पर्यटकहरु आउने गरे पनि वर्षायाममा भने शून्य जस्तै हुने गरेकामा यो वर्ष भने वर्षायाममा पनि आन्तरिक पर्यटक आइरहेको स्थानीयले बताएका छन् । गढीमा मधेस प्रदेशबाट गर्मी छल्न आउने आन्तरिक पर्यटकको संख्या बढिरहेको मकवानपुरगढी-२ का स्थानीयबासी बाबुलाल तितुङ बताउँछन् । उनका अनुसार ललितपुर, काठमाडौं, सिन्धुली, चितवनबाट यहाँ नियमितजसो पर्यटकहरु आउने गरेका छन् । पक्की र स्तरीय सडकमार्ग तथा प्रचारप्रसारका कारण मकवानपुरगढी भ्रमण गर्नेहरुको संख्या बढेको हुनसक्ने मकवानपुरगढीका भीमप्रसाद घिमिरेले बताए ।

हेटौंडा बजारबाट १६ किलोमिटर उत्तरपूर्वतर्फ कान्तिराजपथ हुँदै लागेपछि गढी क्षेत्र पुगिन्छ । काठमाडौंबाट सिधा आउन चाहनेहरुले भने ७० किलोमिटरको रमाइलो यात्रा तय गर्नुपर्दछ । चापागाउँबाट ललितपुरको माल्टा हुँदै मकवानपुरको ठिंगन कटेपछि मकवानपुरगढी गाउँपालिका प्रवेश हुन्छ । विगतमा ठूलो गढीमा मात्रै पर्यटकहरु पुग्ने गरेको भए पनि अचेल मनोरम सानोगढी तथा भारतको रक्सौलसम्म देख्न सकिने उचाइमा रहेको र गुराँस फूल्ने मौसममा लालीगुराँसले ढपक्कै हुने ढुंगे गढीसमेत पर्यटकले भरिन थालेका छन् । प्रसिद्ध गढीमाई मन्दिरको मूल मन्दिर समेत रहेकाले ढंगेगढी क्षेत्रमा धार्मिक पर्यटकको समेत भीड लाग्न थालेको स्थानीय सुवास पाख्रिन बताउँछन् ।

मकवानपुरगढीको ठूलो गढी दरबारसँगै ढुंगे गढी पनि पर्यटनको प्रचुर सम्भावना बोकेको स्थान हो । विगतमा एउटा विशाल ढुंगो र जीर्ण मन्दिर रहेको स्थानलाई मकवानपुरगढी गाउँपालिकाको अघिल्लो कार्यकालमा पुरातत्व विभागले मुहार फेर्ने काम गरेको छ । हाल ढुंगे गढीमा पिकनिक स्पटदेखि आकर्षक मन्दिरको मर्मतसम्भार, सिंढीहरु निर्माण भएका छन् । ढुंगे गढीको मन्दिरबाटै बारामा गढीमाई सारिएको इतिहास खोजकर्तासमेत रहेका पत्रकार रिपेश रिद्धि दाहाल बताउँछन् । ढुंगे गढीको प्रचार हुन नसक्दा पर्यटकहरु ठूलो गढीबाटै फर्किने गरेका छन् । मकवानपुरगढीका निवर्तमान अध्यक्ष बिदुर हुमागाईंले ढुंगे गढीको प्रचार गरेर पर्यटकहरुलाई त्याहाँसम्म पुऱ्याउनु पर्नेमा जोड दिन्छन् ।

मुसलमानी आक्रमणबाट बँच्न भारतबाट भागेर आएका सेन वंशीय राज खलक तुला सेनले विसं १००० मा निर्माण गरेको भनिए पनि यथेष्ठ प्रमाण पुग्दैन । कतिपय इतिहासकारका अनुसार पनि नेपालका सेन वंशहरुको उद्गमस्थल मकवानपुर नै हो ।

पाल्पाका राजा मुकुन्द सेनले आफूलाई मकवानी भनेको कतिपय लेखोट तथा शीलालेखहरुमा पाइएकोलाई आधार मान्दा सेनहरु पालपाबाट मकवानपुर नभएर मकवानपुरबाट पाल्पा गएको मान्न सकिन्छ । सेनहरुको वंशावली अनुसार १५०० सालतिर खाम सेन नाम गरेका राजाले पाल्पामा राज्य खडा गरेर सेन वंशको सुरुवात गरेका हुन् । मुकुन्द सेन तिनै खाम सेनका पनाति हुन् । खाम सेनका छोरा चन्द्र सेन, चन्द्र सेनका छोरा रुद्र सेन र रुद्र सेनका छोरा मुकुन्द सेन भएको उक्त वंशावलीमा उल्लेख छ ।

# जिल्ला अदालतमा सम्बन्ध विच्छेदका मुद्दा करिब एक हजार



साझाकुरा संवाददाता

हेटौँडा, ३ भदौ/जिल्ला अदालत मकवानपुरमा दर्ता भएका कुल ३ हजार बढी मुद्दामा सम्बन्धविच्छेदका मुद्दा मात्रै करिब १ हजार वटा रहेका छन् ।

जिल्ला अदालतमा यौनदुर्व्यहार, जर्वजस्तीकरणी, ज्यान मार्ने उद्योग, सम्बन्धविच्छेद, लागूऔषध ओसारपसारलगायतका गरी विभिन्न प्रकृतिका घटनाका मुद्दा दायर हुने गरेका छन् । जसमध्ये एकतिहाई मुद्दा सम्बन्धविच्छेदकै रहेको जिल्ला अदालतको तथ्यांकले देखाएको छ । सम्बन्धविच्छेद गर्ने र गर्न चाहनेहरुको मुद्दालाई हेर्दा पछिल्लो समय पारिवारीक बिमेल बढ्दै गएको पाइन्छ । यसका कारकहरु आर्थिक पक्ष, एकअर्कामा विश्वासको अवस्था नरहनुलगायत छन् । परिवारमा पतिपत्नीबीच बिमेल बढ्दा सम्बन्धविच्छेदका घटनामा पनि वृद्धि भएको हो ।

जिल्ला अदालत मकवानपुरमा आर्थिक वर्ष २०७९/८० मा ३ हजार ३ सय ५७ मुद्दा दर्ता भएका थिए । जसमध्ये २८ दशमलव ५० प्रतिशत अर्थात ९ सय ७५ वटा सम्बन्धविच्छेदका मात्रै मुद्दा रहेको अदालतका श्रेस्तेदार लेखनाथ पौडेलले जानकारी दिए । जिल्ला अदालत मकवानपुरमा दर्ता भएका सम्बन्धविच्छेदका अदालतमा परेका मुद्दामध्ये ७ सय ६८ वटाको फैसला भइसकेको छ । २ सय ७ वटा फैसला हुन बाँकी छ ।

मुलुकमा नयाँ संहिता कार्यान्वयनमा आएपछि सम्बन्ध विच्छेदका लागि पुरुषलाई पनि सहज बनाएको छ । जसले गर्दा सम्बन्धविच्छेदको मुद्दा अदालतमा ह्वात्तै बढेको अधिवक्ता मदन दाहाल बताउँछन् । 'अदालतमा दर्ता भएका मुद्दामध्ये झण्डै २९ प्रतिशत सम्बन्धविच्छेदको छ', उनले भने । नयाँ संहितामा महिलासरह पुरुषहरु पनि सम्बन्धविच्छेदका लागि अदालत जान सक्ने कानुनी व्यवस्था गरिएको छ ।

नयाँ संहिता लागू भएपछि मकवानपुरमा सम्बन्धविच्छेद गर्न कानुनी उपचार खोज्दै अदालत पुग्ने पुरुषको संख्या पनि बढेको छ । अदालतका अनुसार आव ०७८/७९ मा दर्ता भएका ८ सय ५९ थान सम्बन्धविच्छेदका मुद्दामध्ये ३ सय २ वटा मुद्दा पत्नीसँग सम्बन्धविच्छेद गरि पाउँ भनेर पुरुषले मुद्दा दर्ता गराएका थिए । अहिले त्यो संख्या बढेर ३ सय ३३ पुगेको छ । नयाँ संहिता कार्यान्वयन नआउँदासम्म पुरुषले सम्बन्धविच्छेदका लागि अदालतमा निवेदन दर्ता गराउने व्यवस्था थिएन ।

मुद्दाका प्रकृति र परिवारमा आएको बेमेललाई हेर्दा स्वतन्त्र हुने नाममा ससाना मनमुटावमा पनि दम्पतीको सम्बन्धविच्छेद हुने क्रम बढेको छ । विवाह भएको वर्ष दिन नपुग्दै सम्बन्धविच्छेद गर्ने युवा जोडी पनि छन् । गत आवमा जिल्ला अदालत मकवानपुरमा विवाहको वर्ष दिन नपुग्दै ४ जोडीले सम्बन्धविच्छेदका लागि निवेदन दर्ता गराएका थिए । गत आव जिल्ला अदालतमा ६० वर्ष पार गरिसकेका ४ वृद्धले पनि पत्निसँग सम्बन्धविच्छेदका लागि निवेदन दर्ता गराएका थिए ।

सम्बन्धविच्छेदका लागि आएका अधिकांश महिला पति एव घरपरिवारको हिंसा सहन नसकेको निवेदनमा देखिन्छ । श्रेस्तेदार पौडेलका अनुसार बालविवाह पनि क्रमशः सम्बन्धविच्छेदमा परिणत हुन थालेको छ । २१-२२ वर्षका युवतीहरु २-३ वटा बच्चा लिएर सम्बन्धविच्छेदका लागि अदालतमा आउने गरेका छन् । 'उनीहरुको विवाह १५-१६ वर्षको उमेर भएको देखिन्छ', उनले भने, 'सम्बन्धविच्छेदका लागि अदालतमा दर्ता भएका यस्ता मुद्दा प्रशस्तै छन् ।',

महिलाले सम्बन्ध विच्छेदको निम्ति अदालतमा दिएको उजुरीमा मेलमिलापमार्फत पुरुषको पनि छिट्टै सहमति हुने भएकाले फैसला चाँडै हुने गरेको श्रेस्तेदार पौडेलले बताए । पुरुषले दिएको उजुरीमा महिलाको सहमति नभएकाले फैसला हुन समय लाग्ने गरेको उनले बताए ।

मेलमिलापमार्फत सहमति हुन नसकेमा सम्बन्धविच्छेदको मुद्दा फैसला गर्न कम्तिमा एक वर्ष कुर्नुपर्ने कानुनी व्यवस्था छ । पतिपत्नीबीच सम्बन्धविच्छेद नहोस् मिलेर बसुन् भन्ने उद्देश्यले एक वर्ष कुर्नुपर्ने कानुनी व्यवस्था गरिएको हो । नयाँ देवानी संहिताको भाग ३ को परिच्छेद ३ मा सम्बन्धविच्छेदसम्बन्धी व्यवस्था छ । त्यसमा महिलाका लागि भएका व्यवस्था पुरुषका लागि पनि राखिएका छन् । यसपछि पत्नीसरह पतिले पनि सम्बन्धविच्छेद गर्न सक्ने भएका हुन् । लगातार तीनवर्ष बेखबर बाहिर बसेमा, अंगभंग हुने गरी कुटपिट गरेमा, शारीरिक र मानसिक हिंसा गरेमा पत्नीविरुद्ध पति अदालत जान सक्छन् ।

# ९ दिनभित्र मकवानपुरमा ६ हजार पशुलाई लम्पी स्कीनविरुद्ध खोप



साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुरमा ६ हजार पशुमा लम्पी स्कीन विरुद्धको खोप लगाइएको छ । बागमती प्रदेशमा गत साउन २५ गतेबाट लम्पी स्किन रोगविरुद्धको खोप लगाउन सुरु गरिएकोमा भदौ १ गतेसम्ममा मकवानपुर जिल्लामा ६ हजार ८ सय २२ पशुमा खोप लगाइएको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

बागमती प्रदेशका १३ जिल्लामा संचालन गरिएको खोप अभियानको प्रदेशमा ४८ हजार ३ सय ६४ पशुमा लम्की स्कीन विरुद्धको खोप लगाइएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले मातहतका भेटेरिनरी अस्पताल तथा पशु विज्ञकेन्द्रमार्फत प्रदेशका ९१ स्थानीय तहमा संचालन गरेको खोप अभियान अन्तर्गत ४८ हजार ३ सय ६४ गाई, भैंसी, गोरु, साँढे, पाडापाडी र बाँच्छाबाच्छीमा रोगविरुद्धको खोप लगाएको हो ।

मन्त्रालयले साउन २५ देखि भदौ १ गतेसम्म ९ दिन संचालन गरेको लम्पी स्किनविरुद्धको खोप अभियानमा सबैभन्दा बढी खोप चितवन र सबैभन्दा कम दोलखा जिल्लाका पशुमा लगाइएको छ । चितवनमा १० हजार २ सय १९ तथा दोलखामा ५ सय ४९ पशुमा लम्पी स्कीन रोगविरुद्धको खोप लगाइएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले बताए ।

यसैगरी काठमाडौं जिल्लामा २ हजार ४ सय ३९, भक्तपुर जिल्लामा ९ सय २१, ललितपुर जिल्लामा १ हजार ५ सय ८०, धादिङ जिल्लामा ४ हजार ३ सय १ सिन्धुली जिल्लामा २ हजार ५ सय ७८, रामेछाप जिल्लामा २ हजार ३ सय ३५, सिन्धुपाल्चोकमा ३ हजार २ सय ७४, काभ्रेपलाञ्चोक जिल्लामा ८ हजार ४ सय ११, नुवाकोट जिल्लामा ३ हजार ५ सय ९७ र रसुवा जिल्लामा १ हजार ३ सय ३८ पशुमा लम्पी स्किनको खोप लगाइएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । प्रदेशमा हालसम्म लम्पी स्किन रोगबाट ६ हजार २ सय ९१ वटा पशुको मृत्यु भएको छ ।

# मकवानपुरमा डेंगु संक्रमित १ सय ७३ पुगे




साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुर जिल्लामा डेंगु संक्रमितको संख्या १ सय ७३ जना पुगेको छ । जिल्लामा पछिल्लो २४ घण्टामा ३ जनामा संक्रमण पुष्टि भएसँगै संक्रमितको कूल संख्या १ सय ७३ पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयको गत साउन १ गतेदेखिको तथ्यांक अनुसार यो संख्यामा डेंगु संक्रमित भएका हुन । हालसम्म जिल्लामा सबैभन्दा धेरै हेटौंडा उपमहानगर पालिमा १ सय २२ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । यसैगरी, मकवानपुरगढी गाउँपालिकामा २ जना, मनहरी गाउँपालिकामा २ जना, भीमफेदी गाउँपालिकामा ४ जना, बकैया गाउँपालिकामा १ जना, राक्सिराङ गाउँपालिकामा १ जनामा डेंगु पुष्टि भएको छ ।

जिल्लाका १० स्थानीय तहमध्ये थाहा नगरपालिका, कैलाश गाउँपालिका, बागमती गाउँपालिका र इन्द्रसरोवर गाउँपालिकामा डेंगू संक्रमित फेला नपरेको स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्लामा डेंगू संक्रमणका कारण एक जनाको मृत्यु भएको छ ।

यसैगरी, देशभर डेंगु संक्रमितको संख्या १६ हजार नाघेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसीडी)को शनिबारसम्मको तथ्यांक अनुसार गत १५ पुसदेखि हालसम्म १६ हजार २६७ जनालाई डेंगु संक्रमण पुष्टि भएको छ । त्यस्तै, यसअवधिमा डेंगुले १२ जनाको ज्यान लिइसकेको छ । हालसम्म सुनसरीमा सबैभन्दा बढी संक्रमित भेटिएका छन् । इडिसीडीको तथ्यांक अनुसार सुनसरीमा ८ हजार ४५२, मोरङमा १ हजार ८७७, धादिङमा १ हजार ७५७ र झापामा ९२६ जनामा डेंगु पुष्टि भएको छ ।

हालसम्म ७५ जिल्लामा डेंगु संक्रमण फैलिसकेको छ । महाशाखाका अनुसार कोशीमा १२ हजार २१, बागमतीमा २ हजार ६५१, गण्डकीमा ६१८, सुदुरपश्चिम प्रदेशमा ४७९ जना संक्रमित भेटिएका छन् । त्यस्तै, लुम्बिनीमा ३१३, मधेशमा १४० र कर्णाली प्रदेशमा ३९ जनामा संक्रमण पुष्टि भएको छ । गतवर्ष डेंगु प्रकोपका कारणले ५४ हजार ७८४ संक्रमित हुँदा ८८ जनाको ज्यान गएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# फास्टट्र्याकमा क्षति

सिमातबकैया खोलामा आएको बाढीले द्रुतमार्गको पुल निर्माण कार्यमा क्षति पुऱ्याएको छ । द्रुतमार्गको जसपालस्थित ८ नम्बर पुलको पाइलिङ मेशिन पिल बोर होल हेभी इक्युप्मेन्टमा क्षति पुगेको हो । यस वर्षको बकैया खोलाको बाढीले क्षति पुऱ्याएको हो । खोला वारपार आएको बाढीले हेभी मेशिनलाई ढालेपछि छवटा क्रेनको सहायताले सो मेशिन केही दिनअघि उठाइएको थियो । द्रुतमार्गको पुल, कल्भर्टलगायत अन्य निर्माणका लागि सामग्री राखिएको ठूलो कन्टेनरमा पनि बाढी पसेर क्षति पुऱ्याएको र कतिपय बगाएको निर्माण कम्पनीले जानकारी दिएको छ । अझै धेरै सामान खोलाले बगाएका, पुरिएकाले क्षतिको यकीन विवरण भन्न नसकिने बताइएको छ । चाइनिज कम्पनीले करोडौंका मेशिन, निर्माण सामग्री क्षति भएको र पुल बनाउन प्रयोग गरिने फलामका सामान बाढीले बगाएको बताइएको छ । राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई/मधेस द्रुतमार्गमा पुल निर्माण गरिरहेको चाइनिज कम्पनीले चुरे भएर वर्षामा भेलबाढी आउने बकैया खोलालाई नजरअन्दाज गर्दा क्षति हुन गएको मकवानपुरको जसपाल र बारा निजगढ-४ बागदेवका स्थानीयहरु बताउँछन् ।

हिउँदमा पानी कम आउने बकैया खोला वर्षायाममा गडगडाएर पूरै खोलाको पाखा नै ढाकिने गरी बाढी आउने गरेको छ । श्रीपुर, जुरेली कर्मचुली, ठाटी, जुइना, जसपाल हुँदै लालबकैया खोलैखोला निजगढ पुगिन्छ । द्रुतमार्गका विभिन्न स्थानमा पुल निर्माण भइरहेको साइटसम्म पुग्न ग्राभेल, ह्युमपाइप हालेर खोलामा बनाइएको बाटो मकवानपुरको तिरतिरे धारादेखि सरस्वती जाने स्थानसम्मको करीब ६.५ किलोमिटर बाढीले बगाएको छ । अहिलेसम्म जसपाल, कैलेनी, अधेरीमा काम भइरहेको जनाउँदै ६, ७, ८ र ११ नम्बर पुलको काममा बाढीले काम गर्न सक्ने अवस्था नरहेकाले काम रोकिएको जानकारी दिइएको छ । काठमाडौं-तराई/मधेस द्रुतमार्ग राष्ट्रिय गौरवका आयोजना हो । यसको निर्माणको जिम्मेवारी नेपाली सेनालाई दिइएको छ । सुरुमा सेनाले ट्र्याक खोले पनि अन्य काम भने विभिन्न उल्झनका कारण समयमा हुन सकेन । त्यसयता अहिले सबै प्रक्रिया पूरा गर्दै यस राष्ट्रिय गौरवको आयोजनाको जिम्मेवारी पाएको नेपाली सेनाले सरकारले तोकेको २०८३ मा सम्पन्न गर्नेगरी तीव्रता दिइएको छ । बाराको तराई-मधेसको निजगढबाट काठमाडौंको खोकना जोड्ने ७२.५ किलोमिटरको द्रुर्तमार्ग निर्माणको जिम्मा नेपाली सेनालाई सरकारले २०७४ सालमा दिएपनि काम भने २०७५ सालबाट मात्रै अघि बढेको हो । द्रुतमार्गको जीरोकिलो फर्सीडोलमा कायम गर्ने कि खोकनामा भन्ने यसअघिको विवादलाई समाधान गर्दै खोकनामा नै कायम गरिने भएको छ । सन् २०१५ मा भारतीय कम्पनी आइएलएफएसले डिपिआरको अस्वाभाविक मूल्य राखेपछि सेनाले डिपिआरविना नै काम सुरु गरेको थियो । यो मार्गको जटिल भूगोलमा १६ वटा अग्ला पुलसहित कुल ८७ वटा पुल र महादेवडाँडा, धेद्रे, लेनडाँडामा तीन स्थानमा गर्नुपर्ने सुरुङ निर्माण काम अघि बढिरहेको छ ।

मकवानपुरको लेनडाँडासहित विभिन्न स्थानमा १० वटा अस्थायी क्याम्प खडा गरेर यस आयोजनाको काम अघि बढाइएको छ । सुरुङमार्ग निर्माण गर्न दुईवटा प्याकेजमा ठेक्का लागेसँगै कामले गति लिएको काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाले जनाएको छ । वर्षाअघि द्रुतमार्गस्थित जसपाल, कैलेनी, अधेरी, जुइना, कर्मचुली, जुरेलीलगायतका स्थानमा पुलको पिलर, नाला, डाँडाका भित्ताहरुमा विभिन्न चरणका निर्माण कार्य तीव्रताका साथ भइरहेको थियो । दुई प्याकेजको लागत नेपाली मूल्य अनुसार ४४ अर्ब रुपैयाँ छ । एउटा प्याकेज अन्तर्गत मकवानपुरको धेरेमा (सिम्पानीदेखि चालीसे खोल्सी १.३७ किमी) र लेनडाँडामा (घट्टेपाखादेखि बाँदरेखोल्सी १.४ किमी) गरी दुईवटा सुरुङमार्ग र पुल निर्माण गर्नुपर्ने जनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ ५ गते मंगलबार २२ अगष्ट २०२३ । षष्ठी, श्रावण कृष्णपक्ष । गुलात्थ्व ११४३ ने.सं. । सूर्योदय ५:३८, सूर्यास्त ६:३४ । कल्कि जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# अनुत्पादक नेतृत्व बाटो छोड, थप बोझ नबन



✍ गुरुराज घिमिरे

हिजो-आज देशका कुनाकाप्चा सबैतिर सतहमा एउटै बहस चलेको देखिन्छ– 'नेपाल अब कहिल्यै बन्दैन, नेपाल बनाउने कोही भएनन्, दलहरूले देश बिगारे, नेताहरू भ्रष्ट भए ।' लोकतान्त्रिक नेपालका लागि यो निकै निराशाजनक र दुःखद कुरा हो । वर्तमान शासन प्रणालीका निम्ति कांग्रेसले झण्डै आठ दशक लामो लडाइँ लड्यो । नेपालमा पटक-पटक राजनीतिक अधिकार खोसियो र कांग्रेसकै प्रयत्न एवं अगुवाइमा प्राप्त पनि भयो । यस ऐतिहासिक यथार्थसँग नेपाली जनमानस पूर्ण परिचित छ । र, यसमा कुनै नेपालीले विवाद पनि गर्दैन । तर मुख्य कुरा राजनीति भए पनि जनताको जीवनमा आधारभूत परिवर्तन आयो कि आएन भन्ने कुराले राजनीतिक प्रणालीको साख र भविष्य निर्धारण गर्दछ । आफ्ना जनताप्रति राज्यले न्याय गऱ्यो कि गरेन भन्ने विषय प्रमुख हो ।

जनतालाई राजनीतिक अधिकारले मात्र पुग्दैन । सुरक्षा, खाद्यान्न र शान्ति अपरिहार्य शर्त हो । अरु धेरै विषय जनताको दैनन्दिन जीवनसँग जोडिएका हुन्छन् । साथै, उसले आफ्नो प्रतिष्ठापूर्ण जीवनका निम्ति आवश्यक पर्ने सबै पूर्वाधारयुक्त समाज खोज्दछ । राज्यको गठन र उत्पत्ति नै जनआवश्यकताले भएको हो भन्ने कुराको हेक्का शासन व्यवस्था चलाएकाहरूले राखेको देखिंदैन ।

यस विषयमा स्वयं राज्य अर्थात् नेपाल कति जिम्मेवार र गम्भीर छ त? यसको एउटै उत्तर छ, गम्भीर छैन । त्यसैले यस्ता बहसहरू सघन रूपमा निरन्तर चलिरहेका छन् । शासनबाट फाइदा उठाइरहेको सीमित समूह बाहेक लगभग सबै तह र समुदायका नेपालीहरू यो बहसमा सामेल छन् । यसले नेपाली समाजमा तनाव र आक्रोश बढिरहेको छ । त्यसका बाछिटाहरू सर्वत्र पुगेका छन् ।

राजनीति, कूटनीति र शासन व्यवस्थाका सम्बन्धमा उर्बर तथा प्रखर ज्ञान राख्ने प्राचीन मगधका चिन्तक विश्वविख्यात विचारक चाणक्यले राज्यको गठन वा उत्पत्तिका बारेमा आफ्नो धारणा दिएका छन् । उनी संसारमा चाणक्य, कौटिल्य र विष्णुगुप्तका नामले चिनिन्छन् ।

उनका अनुसार, जंगली अवस्थामा पशुवत् जीवन बिताइरहेका मानिसहरूले शोषण, असुरक्षा र जीविकाको संकटबाट जोगिनका लागि राज्यको निर्माण वा गठन गरेका हुन् । र, सँगसँगै आफूले विश्वास गरेको वा पत्याएको मेधावी, बुद्धिमान र बलशाली व्यक्तिलाई राजा वा शासक चयन गरेका हुन् ।

शासन व्यवस्था सञ्चालन गर्न ऐन कानुनको प्रबन्ध मिलाएका हुन् । प्राचीनकालमा मनुष्यको प्रथम राजाको रूपमा मनुलाई लिइन्छ । जनताले आवधिक रूपमा तय गरिएको कर बुझाउने र त्यही खर्चबाट शासकले राज्य सञ्चालन गर्ने प्रबन्ध गरिएको हो ।

कौटिल्यका अनुसार राज्यका खास कामहरू निर्धारण गरिएको हुन्छ । जसअनुसार तीन वटा कार्य प्रमुख छन्- आन्तरिक शान्तिसुरक्षाको स्थापना, बाह्य शत्रुको आक्रमण वा असुरक्षाबाट जोगाउने र राज्यको सुख समृद्धिका लागि लोक कल्याणकारी योजना बनाई लागू गर्ने ।

यी तीनै कार्यको उद्देश्य जनतालाई सुख दिने हो । जब संसारमा राज्यको निर्माण वा गठन भयो, त्यहाँका बासिन्दाका निम्ति राज्य नै सर्वोपरि ठान्न थालियो । राज्यलाई शक्तिशाली बनाउनतिर राजा र शासकहरूको ध्यान केन्द्रित हुन थाल्यो । समयक्रममा तिनै राजा र शासकहरू निरंकुश हुन थाले । त्यसपछि पुनः जनताको दुर्दिन सुरु भयो । शासन व्यवस्थाको तानाशाहीकरणले राज्य गठनको आधारभूत मान्यता नै क्षत-विक्षत हुन पुग्यो । शासनमा पुगेका वा पुऱ्याइएका व्यक्तिहरूले राज्यको दोहन गरी आफ्नो स्वार्थ पूरा गर्न थाले । समयक्रममा लोककल्याणकारी राज्यको प्राचीन अवधारणालाई पुनर्स्थापित गर्ने प्रयासको दौरानमा लोकतान्त्रिक शासन प्रणालीको उदय भयो । यद्यपि प्राचीनकालमा पनि संसारका कतिपय राज्यमा यसको निष्ठापूर्ण अभ्यास कायम थियो ।

केही दिनअघि भारतीय लोकसभामा कांग्रेस नेता राहुल गान्धीले मणिपुर राज्यमा चलिरहेको आन्दोलनमा राज्यले गरेको हिंसाको चर्को आलोचना गरे । उनले मणिपुरका जनताको भावना र आत्मसम्मानप्रति राज्यको अपहेलनाको चर्चा गर्दै प्राचीन रामायणको प्रसंग जोडे । लंकामा आगो हनुमानले होइन, रावणको अहंकारले लगाएको र रावणको मृत्यु रामद्वारा होइन, रावणको अहंकारका कारण भएको चर्चा गरे ।

यसबाट प्रष्ट हुन्छ, अहंकार कति खतरनाक हुन्छ । अहंकारले आफैंलाई भष्म गर्ने भएकाले यो एक प्रकारको आत्महत्या पनि हो । संसारमा अहंकारीहरूको विनाश नै भएको छ । नेपालमा २०६४ सालको संविधानसभा निर्वाचनपछि र २०७४ पछि शासनमा पुगेका व्यक्तिहरूको अहंकार प्रकट भएको थियो । जसको मूल्य तत्काले चुकाउनु परेको थियो ।

त्यसो त २०४६ को परिवर्तनपश्चात् सत्तामा पुगेका अधिकांश व्यक्तिको अहंकार विभिन्न रूपमा प्रकट भएकै हो । जसले जनतालाई निर्वाचन प्रयोजनका लागि मात्र स्मरण गर्छ र सत्तामा बसेर बारम्बार दुर्व्यवहार गर्छ । यस्तो सुविधा वा छुट दुनियाँका उत्कृष्ट लोकतन्त्रमा कतै पनि छैन ।

नेपाल त्यसको अपवाद छ र कतै पनि यहाँको जस्तो जात्रा हेर्न पाईंदैन । विश्वका समुन्नत र उत्कृष्ट लोकतान्त्रिक शासन प्रणालीको अभ्यास भएका देशहरूमा राजनीतिक दलहरू जनता वा मतदातालाई जनार्दन अर्थात् भगवान मान्दछन् । जनताकै कृपा, अनुकम्पा र विश्वासले दलहरू सत्तामा पुगेर काम गर्ने अवसर पाउँदछन् ।

के नेपालका राजनीतिक दलहरू जनभावना अनुसार चलेका छन् त ? आज हाम्रासामु अनगिन्ती प्रश्न उठेका छन् । जनताबाट छानिने तर जिम्मेवारीमा पुगेपछि जनता बिर्सने र जथाभावी गर्ने प्रवृत्तिबाट नेपाली समाज ग्रस्त छ र राज्यप्रतिको जनविश्वास ऋणात्मक छ । राजनीतिमा जे गरे पनि हुने हो र? सत्ता सीमित नेताको स्वार्थ पूरा गर्ने माध्यम हो र? यतिबेला नेपालमा चलिरहेको राजनीतिक प्रहसनले जनतालाई मर्माहत तुल्याएको छ ।

भ्रष्टाचार, तस्करी र अख्तियार दुरूपयोग राज्यको जीवन पद्धति भएको छ । राजनीतिक जवाफदेही शून्य बराबर छ । समाज आदर्शच्युत हुँदैछ । कसलाई हेरेर आश गर्ने ? मन अड्याउने कहाँ ? भर गर्ने कसलाई ? कांग्रेस पार्टीमा तीव्र गतिमा मूल्य स्खलन जारी छ । अरु दलको कुरै भएन । यस्तो स्थितिले समाजमा घोर निराशा फैलिंदै छ । यसले आक्रोशको रूप लियो भने विद्रोहको नयाँ चरण सुरु हुनेछ । अनि देश सम्हाल्ने कसले ? अब थोरै चर्चा गरौं, नेपालको सर्वाधिक लोकतान्त्रिक पार्टी कांग्रेसको आन्तरिक जीवन र लोकतान्त्रिक अभ्यासका बारेमा ।

हामी सिद्धान्तले अब्बल लोकतन्त्रवादी भयौं । दुनियाँमा प्रयोगमा आएका विचारधारा, वाद र सिद्धान्तहरूमध्ये सर्वाधिक लोकतान्त्रिक सिद्धान्त कांग्रेसले अवलम्बन गरेको सिद्धान्त हो । हाम्रो राजनीतिको केन्द्र जनताको सुख हो । अर्को कुरा कुनै पनि देशका बासिन्दाले खोजेको कुरा आफू बसेको समाजको शान्ति र सुव्यवस्था हो ।

गुणस्तरीय सुलभ शिक्षा, सुलभ र सहज स्वास्थ्य उपचार, राजनीतिक अधिकारको सुनिश्चितता र गुणस्तरीय जीवन प्रमुख कुरा हुन् । यी कुरा सफल शासन व्यवस्थाले मात्र सुनिश्चित गर्न सक्छ । देशलाई राम्रोसँग चलाउन नसक्ने, छिमेकी देशहरूसँग सुमधुर सम्बन्ध राख्न नसक्ने, देशमा धार्मिक तथा सामाजिक सद्भाव जोगाउन नसक्ने र नयाँ पुस्तालाई देशमै राखेर राष्ट्र निर्माण कार्यमा सरिक गराउन नसक्ने राजनीतिज्ञहरूलाई देशको बागडोर अँठ्याइराख्ने कुनै अधिकार छैन ।

सफल शासन व्यवस्था भनेको असल शासन व्यवस्था हो । यसलाई सुशासनले मात्र प्रत्याभूत गर्न सक्छ । यसका निम्ति सही सिद्धान्त भएको गतिलो र भरपर्दो राजनीतिक दल चाहिन्छ । विचार र सिद्धान्तका हिसाबले कांग्रेस बाहेक अरु दलसँग अपेक्षा गर्ने ठाउँ थिएन ।

अहिलेको अवस्था के छ त ? नेपाली कांग्रेस जनअपेक्षा अनुसार चलेको छ त ? सीमान्तमा उभिएको गरीब नेपालीको कांग्रेसका बारेमा के धारणा छ ? के हामी आफैं राम्रोसँग चलेका छौं त ? कि अरुलाई उपदेश दिएर मात्र पुग्छ ? हामीबाट न पार्टी राम्रो चल्न सक्यो, न देश । राज्य सञ्चालनमा गतिलो व्यवहार प्रदर्शन गर्न सकेनौं भन्ने होस नहुँदा सरकारमा पुग्नु भनेको पार्टीका नेताले जागिर खानु जस्तो प्रमाणित भएको छ । के कांग्रेस पार्टीका लागि सुहाउँदो कुरा हो यो ? र अर्को कुरा जनताले राजनीतिक दलको सिद्धान्त र इतिहास मात्र हेर्दैनन्, वर्तमान भूमिका पनि हेर्छ । के हाम्रो भूमिका जनतालाई आश्वस्त पार्ने खालको छ त ? पटक्कै छैन । पार्टीको आन्तरिक जीवनमा असहमत पक्षलाई कुनै स्थान छैन । के यही हो लोकतान्त्रिक पार्टीको चरित्र ?

पार्टी त राम्रो चलाउन सकेनन् नै, नेपालको भूराजनीतिक वास्तविकतालाई दृष्टिगत गरी राज्य सञ्चालन गर्ने कौशल हाम्रा राजनीतिज्ञहरूले देखाउन सकेनन् । चीन, भारत र अमेरिका जस्ता महाशक्ति राष्ट्रहरूको चाख, चासो र अन्तर्राष्ट्रिय स्वार्थलाई मध्यनजर गरी सन्तुलित भूमिका खेल्नु नेपाल जस्ता देशको बुद्धिमानी र बाध्यता दुवै हो ।

भारत र चीन जस्ता सीमा जोडिएका छिमेकी देश हाम्रा लागि बरदान र शक्ति बन्न सक्छन् । यो धरातलीय यथार्थलाई आत्मसात् गरी नेपालले भूमिका खेल्न सक्नुपर्छ । अरु पार्टीको कुरा भएन, बीपीको पार्टीले त कुरा बुझ्नुपर्थ्यो कि पर्दैनथ्यो ? त्यसैले नेपाली समाजले एउटै निष्कर्ष निकाल्दैछ कि नेपालको अधोगतिको कारण के हो ? राजनीतिक प्रणाली हो वा राजनीतिक दल हुन् ? राजनीतिक दल हुन् या तिनका नेता ? यसको अन्तिम निचोड हो दलका नेता । दलका नेता को को ? किनकि नेता त धेरै छन् ! यसको पनि अन्तिम निचोड छ, जो तर्कसंगत र जायज छ । क्षमता र योग्यता भएको वा आफ्नो जिम्मेवारी बुझेको व्यक्तिले एकैपटकमा आफ्नो कुशलता देखाउँछ । बारम्बार अवसर पाएर पनि केही गर्न नसक्ने व्यक्तिको राज्य सञ्चालनमा कुनै काम छैन ।

यो कुनै पूर्वाग्रही लाञ्छना होइन, विश्वव्यापी सत्य हो । नेपालमा २०४६ देखि बारम्बार सत्तामा गएर काम गर्न नसक्ने, राजनीतिक प्रणाली र दललाई बदनाम गराउनेहरूको अब कुनै काम छैन । यो नेपाली जनताको आवाज हो । साँच्चै भन्ने हो भने आफूबाट अपेक्षाकृत काम हुन सकेन भने स्वयंले बुझ्नुपर्ने कुरा पनि हो । दुनियाँलाई थाहा छ कि जनताबाट बारम्बार चुनिएर पनि राष्ट्रका प्रतिको जिम्मेवारी पूरा गर्न सकिदैन भने आफूले मार्गप्रशस्त गरिदिनुपर्छ, समाजका लागि बोझ बन्नुहुँदैन । समाजका लागि बोझ बनेकाहरूलाई राज्यले पाल्न सक्तैन ।

हामी सबैलाई थाहा छ, देशलाई राम्रोसँग चलाउन नसक्ने, छिमेकी देशहरूसँग सुमधुर सम्बन्ध राख्न नसक्ने, देशमा धार्मिक तथा सामाजिक सद्भाव जोगाउन नसक्ने र नयाँ पुस्तालाई देशमै राखेर राष्ट्र निर्माण कार्यमा सरिक गराउन नसक्ने राजनीतिज्ञहरूलाई देशको बागडोर अँठ्याइराख्ने कुनै अधिकार छैन । त्यसैले अहिलेको राष्ट्रिय आवश्यकता साढे तीन दशकको अनुत्पादक नेतृत्वबाट पूर्ण मुक्ति हो । यसमा मुख्य दलका सबै नेता पर्दछन् । थारो भैंसी किन पाल्ने ? अबको साझा प्रयत्न यसैमा हुनुपर्छ । *(साभारः अनलाइनखबर)*

# प्रचण्ड सरकारलाई किन जिन्दाबाद भन्ने ?



✍ गणेश उप्रेती "सुशील"

नेपालमा गणतन्त्र स्थापना भइसकेपछि सुशासनको पक्षमा प्रचण्ड सरकारले लिएको कदम र साहसलाई यो भन्दा अघिका कुनै पनि सरकारसँग तुलना गर्न सकिँदैन । विना अवरोध राज्यका निकायले छानबिन गर्न पाउने वातावरण निर्माण गरिदिनु सुशासनका लागि आत्मा भरिदिनु हो, जुन प्रचण्ड नेतृत्वको सरकारले गरेको छ ।

यसबाट पैदा भएको पराकम्पले आजको नेपाली समाज र राजनीति तरङ्गित मात्र भएको छैन, पक्ष विपक्षमा विभक्त पनि छ । विगत केही वर्षदेखि बेथिति र अराजकताले निसास्सिने गरी छोपेको समाजलाई दह्रो मुटु बोकेर कोही शासक आइदिए हुन्थ्यो भन्ने एउटा आक्रोश, आवेग र आशावादीका नजर टट्याउन लागिरहेको बेला प्रचण्डको तेस्रो पटकको आगमनले त्यो धुमिल दृश्यलाई सपाट बनाउँदै लगेको छ ।

एउटा समाचार भर्खरै आयो कि यस पटक किसानले बेलैमा मल पाए । मलको हाहाकारले राजनीतिलाई धिक्कार्दै आफ्नो बगेको पसिनाप्रति पश्चात्ताप गर्ने एउटा किसानले यस पटक कम्तीमा कुनै राजनीतिलाई गाली गरेन । विद्यार्थीले बेलैमा पाठ्यपुस्तक पाए । विगतमा जस्तो कुनै अभिभावकले यस पटक आफ्ना नानीको भविष्यलाई साक्षी राखेर कुनै राजनीति र व्यवस्थालाई धारे हात लगाएनन् । यसरी वर्तमान राजनीतिलाई मानिसले गाली नगर्ने बनाउन सक्नु प्रचण्डको मात्र हितमा छ कि राजनीति गर्दैछु भन्ने सबैको हितमा छ, मनन गरौं ।

प्रधानमन्त्रीको निरन्तरताको पहलले र निर्देशन तथा कृषि मन्त्रालयको सक्रियताले १० वर्ष यताकै सबैभन्दा ठुलो परिमाणमा रासायनिक मलको आपूर्ति भएको छ । मधेसलगायत ठाउँहरूमा जरा गाडेर बसेको सुदखोरको नयाँ अवतारको रूपमा विकराल बन्दै गएको मिटरब्याजी आतङ्क र उठीबास लाउने प्रचलनमा अङ्कुश लगाउँदैछ । हजारौं बिगाहा जमिन फिर्ता र लाखौं तमसुकहरू नष्ट गरिएको छ । प्रचण्ड सरकार जिन्दाबाद तिनले भन्दैछन्, जसको घर सुदखोरको बर्बादीबाट बचेको छ ।

हुन त जब प्रचण्डले राज्यसत्ताको नेतृत्व गर्छन् तब मात्र किसान, मजदुरले न्याय पाउने मानक नै स्थापित भएको छ । प्रचण्ड पहिलो पटक सरकारको नेतृत्व गर्दा किसानहरूको ऋण मिनाहा भयो र औपचारिक रूपमा मजदुरको सम्मानजनक ज्याला तोकियो । दोस्रो पटक सरकारको नेतृत्व गर्दा देशमा कहालीलाग्दो गरी जमेर रहेको लोडसेडिङको औपचारिक अन्त्य भयो । तत्कालीन नेपाली समाजले कहिले कल्पना नगरेको लोडसेडिङको अन्त्य गर्न सक्ने प्रशासकको नियुक्ति प्रचण्डको दूरदर्शी लिडर सिपको एउटा सानो नमुना मान्न सकिन्छ ।

धेरै समय सरकारको नेतृत्व गर्न मौका पाउँदा पनि कुनै राष्ट्रिय काण्डमा नपरी नैतिकता र सम्मानको आदर्शलाई स्थापित गर्दै बहिर्गमन हुनु प्रचण्डको सबैभन्दा ठुलो आदर्शलाई अबको राजनीति पढ्ने, बुझ्ने र लेख्नेहरूले अनुसरण गर्नुपर्ने हुन्छ । समकालीन नेताहरू सबै कुनै न कुनै राष्ट्रिय काण्डबाट अछुतो नरहेको बेला यो आदर्शले एउटा आशावादिताको भ्रुणलाई हुर्काएको छ ।

हुन त प्रचण्डसँग अरू धेरै विकल्पहरू थिए । गठबन्धनको सरकारको नेतृत्व गरेकाले यो अन्तिम हो । परम्परागत राष्ट्रिय लुटलाई संरक्षण गर्दै आफू र आफ्नो पार्टीको सुखमय यात्रा तय गरौं भनेर एक मिनेट मात्रै पनि सोचीदिएका भए आजका राष्ट्रिय लुटेराहरूले उनको भक्तिगान र जयजयकार गर्दै रातो कार्पेटमा दिनहुँ भगवान् बनाउँदै हिँड्नेथे । र, गठबन्धनको बाध्यता भनेर स्पष्टीकरण दिन प्रचण्ड र उनको पार्टीलाई पनि आनन्दै भइरहन्थ्यो ।

विगतमा परम्पराझैं बनेर रहेको सर्वदलीय लुटको घिनलाग्दो साङ्लो समाएर वैतरणी तर्ने कालो इतिहासको बर्खिलापमा यसपटक एउटा राष्ट्रिय नायक उभिए । हिन्दीमा एउटा भनाइ छ, 'गलत बातको विरोध करते र हो, जमाना तुम्हे बागी कहेगा, गुलाम नहीं ।' प्रचण्ड हिजो पनि बागी हुन् र आज कुशासन, भ्रष्टाचार, बेतिथि, अराजकता र घोर व्यक्तिवादको विपक्षमा उभिएका बागी नै हुन् ।

गजबको कुरा त के भइदियो भने शरणार्थी बेचेर धनी बन्न खोज्नेहरू राज्यको जमिन निलेर ड्रागन बन्न खोज्नेहरू, सुन ओसारेर राज्य टाट पार्न खोज्नेहरू सायद यही जुनीमा कल्पना पनि गरेका थिएनन् कि प्रचण्ड फेरि यसरी आउनेछन् र कठालो समाएर भन्नेछन्, यु आर रङ (तिमी गलत छौ), अब सजाय भोग । किनकि इतिहासमा तिनले कैयौं पटक प्रचण्डलाई जमिनमुनि गाडेको घोषणा गरेका थिए । दाह्रा, नङ्ग्रा उखेलिदिएको उद्घोष गरेका थिए । र, उनको तेजोबध गरेर लावारिस फ्याँकी दिएको फर्मान जारी गरेका थिए । तर तिनले बिर्सिए कि आजको नेपाली समाजका संस्कृति र व्यवस्था प्रचण्ड विचारबाट निर्देशित छ र विचार कहिल्यै मर्दैन ।

संविधान देशको मूल कानुन हो । यो विश्वव्यापी मान्यता हो र यो संविधान प्रचण्ड निर्देशित महान् आन्दोलनको उत्पादन हो । यो संसारले स्वीकारेको सत्यलाई मूर्खहरुले बाहेक कसैले इन्कार गर्न सक्दैन । अनि, यस व्यवस्थाप्रति भ्रम र द्वेष फैलाएर यसको विघटन गर्न खोज्नेहरूले प्रचण्ड अन्त्यको पटक पटक घोषणा गर्दै आएका छन् । इतिहासले फेरि एकपटक हिम्मत गरेर जसको विचार, उसको नेतृत्वको ऐतिहासिक तथ्यलाई प्रचण्ड उदयबाट पुष्टि गर्न खोजेको छ ।

यदि हामी यही व्यवस्थामार्फत् हाम्रो देश, हाम्रा भावी सन्ततिको भविष्य सुनिश्चितताको परिकल्पना गर्छौं भने सडकमा प्रचण्डप्रति देखिएका केही झिना विरोधका मथिङ्गललाई एउटा प्रश्न सोधौं- आजको मितिमा प्रचण्डले गर्नुपर्ने के हो ? के भ्रष्टहरूलाई झापड हान्न उठेका हातहरू उनीसँग न्यानो गरी मिलाउनु पर्ने ? राज्य बेच्नेहरूलाई फुलमाला लाउनुपर्ने ? घुसखोरका एजेन्टहरूलाई काखमा थपथपाउनु पर्ने ? के नाम चलेका कुशासक र भ्रष्टहरूको फाइलहरू नखोली बागमतीको फोहोरको डङ्गुरमा मिल्काइदिनुपर्ने र मिल्काएर भन्नुपर्ने आऊ तिमी र म सँगसँगै गरौं यात्रा । देश निल्ने अभियानको सँगै गरौं सल्लाह ।

नेपालीमा एउटा उखान छ, अभागीलाई खाने बेलामा टाउको दुख्छ । हाम्रो सामाजिक मनोविज्ञान राम्रोसँग बुझेका केही अगुवाहरु यो उखानको मनोविज्ञानलाई फेरि क्यास गर्न सकिन्छ कि भनेर न्वारानदेखिको बल लगाइरहेको यो बेला तपाई के सोच्दै हुनुहुन्छ ? महत्त्वपूर्ण सवाल यो छ, सबैतिर निराशा र असन्तोषको बादल मात्र मडारिएको बेला पर क्षितिजमा दृश्य बनेर पलाएका प्रचण्ड आशावादितालाई हेर्न सक्नु आजको सामाजिक दायित्व हो । र, यो उनको पार्टीको मात्र प्रश्न होइन । कोही शासक त हामीले खोजेकै हो ? बदमासको कठालो समाउन सक्ने । आजको नेपालमा बाँचेका शासकमध्ये हिम्मत प्रचण्डले देखाए ।

इतिहासले पटक पटक सबैलाई धेर थोर अवसर दिएकै थियो तर कसैले आँट गरेनन् । हिम्मत गर्नेले नै युद्धको नेतृत्व गर्छ । नेतृत्वको विश्वास गर्नेले नै युग परिवर्तनमा योगदान गर्न सक्छ । एउटा राष्ट्रिय युद्ध सुरु भएको छ । अंकगणितले स्वाभाविक प्रचण्ड कमजोर छन् तर इच्छा क्षमता र केही गरौं भन्ने इमानदार हुटहुटी समकालीन नेताहरूभन्दा धेरै धेरै धेरै माथि छ ।

अङ्कगणित त तत्कालीन घटनाक्रमले सापेक्षित रूपमा सिर्जना गर्ने अल्पकालीन सत्य मात्र हो । मुख्य कुरा त जनताको पक्षमा, व्यवस्थाको पक्षमा र परिवर्तनको पक्षमा कसले कतिबेला कस्तो कदम अगाडि बढाउँछ । आज अहिले र हिजो पनि प्रचण्डका कदम र पहलकदमी दृश्य-अदृश्य सधैं क्रान्तिको पक्षमा रह्यो । र, आजको पुस्ताले, आजको वर्तमानले झन् प्रष्ट बुझ्ने, चिन्ने र थाहा पाउने गरी प्रकट भएको छ ।

*(साभारः रातोपाटी)*

# दल सम्बद्ध ट्रेड युनियन खोल्न नदिने प्रस्तावबाट पछि हट्यो सरकार



काठमाडौं/निजामती सेवाका कर्मचारीको एउटा मात्रै आधिकारिक ट्रेड युनियन राख्ने सरकारी प्रयास असफल भएको छ ।

हालको जस्तो दलपिच्छे कर्मचारीको ट्रेड युनियन खोल्न र त्यसमा कर्मचारीहरु आबद्ध हुन नपाउने गरी संघीय निजामती सेवा ऐनको प्रस्तावित व्यवस्थामा सरकारले नै 'रातो मसी' लगाएको हो ।

विधेयकको प्रारम्भिक मस्यौदामा निजामती कर्मचारीको एक मात्रै निर्वाचित आधिकारिक ट्रेड युनियन रहने प्रस्ताव गरिएको थियो । तर, यो प्रस्तावित व्यवस्था मन्त्रिपरिषद्को विधायन समितिमा पुग्नुअघि नै मस्यौदाबाट हटेको छ ।

हाल विभिन्न दलसम्बद्ध नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, एकीकृत सरकारी कर्मचारी संगठन र नेपाल राष्ट्रिय कर्मचारी संगठन सहित थुप्रै युनियन सक्रिय छन् । निजामती सेवामा दलसंवद्ध ट्रेड युनियन र यसका नेताहरुको राजनीतिक गतिविधिहरु विवादास्पद बनेका छन् ।

यसै कारण राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, विवेकशील साझा पार्टी लगायतले कर्मचारीको संघ संगठन नखोल्ने घोषणा गरेका छन् । तर, अन्य दलहरु सम्बद्ध युनियनहरु मन्त्री र सचिव र कार्यालय र प्रशासकीय प्रमुखहरुलाई अनेक दबाबमा राख्ने तथा सरुवा-बढुवामा चलखेल गर्नेसम्मका काममा संलग्न हुने गरेको आरोप खेप्दै आएका छन् ।

**चौतर्फी दबाबले मोडियो सरकार**

राजनीतिक दबाब र सरकारको कमजोर इच्छाशक्तिकै कारण विधेयकबाट ट्रेड युनियन सम्बन्धी पुरानो प्रस्ताव हटेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक उच्च अधिकारीले बताए । मन्त्रालयले बनाएको प्रारम्भिक मस्यौदा अनुसारअनुसार निजामती सेवा ऐन बनेको भए दलपिच्छेका कर्मचारी युनियन चलाउन र त्यसमा कर्मचारीहरु संगठित हुन पाउने थिएनन् । तर, सत्तारुढ नेपाली कांग्रेसले प्रस्तावित व्यवस्थामा असहमति जनाएपछि सरकार हालकै व्यवस्थाअनुसार ऐन बनाउन सहमत भएको छ ।

'प्रधानमन्त्री प्रचण्डले नै यसबारे के गर्ने भनेर कांग्रेसको धारणा माग्नु भएको थियो,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतले भन्यो, 'कांग्रेसले आधिकारिक ट्रेड युनियन मात्रै राख्ने व्यवस्था राख्नै नहुने अडान लिएपछि हालकै व्यवस्थामा कायम गर्ने सहमति बनेको हो ।'

स्रोतका अनुसार प्रधानमन्त्री प्रचण्ड आफैं पनि ट्रेड युनियन अधिकारलाई धेरै खुम्च्याउने पक्षमा थिएनन् । त्यसमाथि यस्तो प्रस्तावित व्यवस्थाबारे जानकारी पाएका कर्मचारी युनियनले प्राप्त ट्रेड युनियन अधिकार खोस्ने प्रपञ्च भए आन्दोलन गर्ने चेतावनी दिएका थिए । दलका शीर्षनेताहरुले नै यसबारे धेरै चासो र चिन्ता व्यक्त गरेपछि प्रधानमन्त्रीले हालकै व्यवस्था कायम राखेर अघि बढ्न प्रस्ताव गरेको स्रोतको दाबी छ ।

'केही सुधारिएको व्यवस्थाहरु प्रस्ताव गरिए पनि अहिले दलको छाताभित्र बसेर युनियनहरुबाट राजनीति गरेर बसेकाहरुले त यस्तो प्रस्ताव सुन्न पनि चाहेनन्', स्रोत भन्छ, 'आधिकारिक ट्रेड युनियन कसैको प्राथमिकतामा देखिएन, तर दलसम्बद्ध युनियन चलाउन नपाउने व्यवस्था गर्नुहुन्न भन्नेमा सबै एकमत रहे ।' अधिकांश मन्त्रीहरु पनि हालकै व्यवस्थाको निरन्तरताको पक्षमा उभिएका थिए । हाल लोकसेवा आयोगमा सहमतिका लागि पुगेको विधेयकको मस्यौदामा निजामती कर्मचारीले ऐनको अधिनमा रहेर ट्रेड युनियन गठन गर्ने अधिकार दिने प्रस्ताव गरिएको छ ।

कार्यालय प्रमुख भएर काम गर्नुपर्ने राजपत्रांकित कर्मचारी बाहेक राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) वा सोभन्दा मुनिका कर्मचारीले आफ्नो पेशागत हकहितका लागि निजामती ट्रेड युनियन गठन गरी सदस्यता लिनसक्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

यस्तो युनियनहरुको दर्ता श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा दर्ता हुने प्रस्ताव गरिएको छ । यसअनुसार जोकोहीले पनि तोकिएको श्रेणी र सोभन्दा तल र हँदा ट्रेड युनियनमा संगठित हुने, सदस्यता लिन र राजनीति गर्न पाउनेछन् । यस्ता युनियनहरुलाई महासंघ गठन गर्ने अधिकारसम्म दिने प्रस्ताव गरिएको छ ।

ऐनले अहिलेको जस्तै निजामती कर्मचारी ट्रेड युनियनका सदस्यहरुले पदाधिकारी छनोट गरी एक आधिकारिक ट्रेड युनियनमा गठन गर्न पनि सक्ने व्यवस्थालाई निरन्तरता दिन लागिएको छ । आधिकारिक युनियनलाई अन्तर्राष्ट्रिय रुपमा संघ र महासंघमा आवद्ध हुनेसम्मको अधिकार दिइनेछ ।

गत शुक्रबार उपप्रधान मन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले कांग्रेस निकट निजामती कर्मचारी संगठनको भेलामा पुगेर नै ऐन बनाउँदा ट्रेड युनियनको अधिकारमा गम्भीर ध्यान दिइएको बताएका थिए ।

'संघीय निजामती कर्मचारी र राष्ट्र सेवकहरुका हकहित, वृद्धि विकास, पेशाको संविधानले दिएको अधिकारको संरक्षण हुने गरी संघीय निजामती सेवा ऐनमा सम्बोधन गर्न हामीले गम्भीर प्रयत्न गरिरहेका छौं', उनले भनेका थिए । स्रोतका अनुसार रक्षामन्त्री खड्कालाई प्रधानमन्त्रीले यो विधेयकमा रहेका विवादहरु संयोजन गर्न भनेका थिए । विधेयक लोकसेवाले सहमति दिएमा ७ दिनभित्रै विधेयक संसदमा पुग्ने उनको दाबी थियो । तर, अधिकारीहरु लोकसेवा आयोगले त्यति छिट्टै अध्ययन सकेर सहमति दिनेमा विश्वस्त छैनन् ।

'हिजो कानुन र अर्थ मन्त्रालयले लामो समय अड्काए', संघीय मामिला मन्त्रालयका एक अधिकारी भन्छन्, 'लोकसेवा आयोगले त झन् आफ्नो संवैधानिक अधिकार र कर्मचारी व्यवस्थापनको मूल्यमान्यतालाई आधार बनाएर ऐनलाई हेर्छ, कतिपय प्रदेशलाई दिन खोजिएको अधिकारमा लोकसेवाका फरक मत हुनसक्छन् ।'

**"दलका ट्रेड युनियन निषेध गर्नुपर्छ"**

पूर्वसचिव शारदाप्रसाद त्रिताल दलीय आवद्धता र भ्रातृ संगठनका रुपमा खोलिने निजामती ट्रेड युनियनहरुलाई निषेध नै गर्नुपर्ने बताउँछन् । विभिन्न देशमा पनि दलसम्बद्ध कर्मचारी युनियन खोल्न रोकिएको भन्दै उनले सरकारले विधेयक ल्याउँदा यस्तो पक्षलाई ध्यान दिनुपर्ने बताए ।

'आधिकारिक र राजनीतिक रुपमा स्वतन्त्र युनियनमा पनि अधिकृतभन्दा तल्ला हतका कर्मचारीमात्रै आवद्ध हुन पाउने व्यवस्था अपरिहार्य छ', उनी भन्छन्, 'राजनीतिक दलका भ्रातृ संगठनका रुपमा खोलिने निजामती कर्मचारी युनियनहरु भ्रष्टाचारको अखडा बनेका छन्, त्यस्ता संगठन खोल्न पाउने व्यवस्थालाई कानुनबाटै निषेध गर्नुपर्छ ।'

कर्मचारीहरुलाई बन्द हड्ताल र कालोपट्टी प्रदर्शन जस्ता गतिविधिमा सामेल हुनसमेत रोक्नुपर्ने भन्दै उनले युनियनलाई विशुद्ध व्यावसायिक र मर्यादित बनाउने गरी संघीय निजामती ऐन ल्याउनुपर्ने पूर्वसचिव त्रितालले बताए ।

*(स्रोत: अनलाइनखबर)*

---

कृषाको गुनासो-

# 'फिल्म बनाउँदा प्रश्न उठेन, निर्देशन गर्दा मनोबल घटाइँदैछ'



काठमाडौं/किशोरावस्थामै फिल्म निर्माणमा होमिएकी हुन्, कृषा चौलागाई । पहिलो फिल्म 'इन्साफ'को सेटमा उनले १५औं जन्मदिनको केक काटेकी थिइन् । यसपछि उनले 'कसम हजुरको', 'के म तिम्रो साथी बन्न सक्छु ?' र 'पलाँस' फिल्म निर्माण गरिन् । फिल्म निर्माणमा १५ वर्षको अनुभवपछि कृषाले भदौ १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'ऐंचो पैंचो'बाट निर्देशकको परिचय थपेकी छन् ।

फिल्ममा स्थापित कलाकारहरुको जत्था छ, जसले धेरै स्थापित निर्देशकहरुसँग सहकार्य गरिसकेका छन् । यसैले उनीहरुलाई नयाँ निर्देशक (कृषा चौलागाईं)को फिल्ममा काम गर्न तयार हुनुको कारणबारे सञ्चारकर्मीहरुले प्रश्न गरिरहेका छन् । तर, यसखालको प्रश्नले नयाँ निर्देशकहरुको मनोबल घटाउने कृषाको बुझाई छ । कलाकारहरु पनि नयाँ हुँदै विस्तारै स्थापित हुने उनी बताउँछिन् ।

उनी भन्छिन्, 'हामीले पनि नयाँ कलाकारलाई लिएर फिल्म बनाउँछौं । उनीहरु भविष्यमा स्टार बन्छन् । १५ वर्षको उमेरदेखि मैले फिल्म बनाएर आज निर्देशन गरेको हुँ । हिजो मैले फिल्म बनाउँदा किन प्रश्न उठेन ? कोही कलाकारले 'ऐंचो पैंचो'मा काम नगर्न के यो बन्नै नहुने फिल्म थियो र ? कि खर्च नहुने फिल्म बनेको थियो ? यस्तो कुराले मनोबल घटाउँछ र एकअर्कामा दूरी बढाउँछ ।'

पहिला निर्देशन नगरेको भएपनि फिल्मको धेरै काममा आफू संलग्न हुने गरेको उनी बताउँछिन् । 'पोस्ट प्रोडक्सनबाट धेरै फिल्म म आफैंले निकालें । यो मेरो सातौं फिल्म हो । त्यो अनुभवले कुनै दिन निर्देशन गर्छु भन्ने त थियो । तर, निर्देशन भनेको एक्सन-कट मात्र गर्नु होइन भनेर मैले केही सर्ट फिल्म बनाएँ । त्यसपछि 'ऐंचो पैंचो'को कथालाई यसरी भन्छु भनेर निर्देशन गरें,' उनले भनिन् ।

उनको बुझाईमा फिल्ममा तीन चिज छ, इन्टरटेनमेन्ट, इन्टरटेनमेन्ट अनि इन्टरटेनमेन्ट । एउटा विषय उठाएर रमाइलोसँग पस्किने प्रयास गरिएको उनी स्पष्ट पार्छिन् । निर्देशक चौलागाई कथासारबारे प्रष्ट्याउँदै भन्छिन्, 'मान्छेको जीवनमा जन्मिएदेखि ऐंचो पैंचो हुन्छ । खासमा हामो जीवन ऐंचो पैंचोमा चलिरहेको छ । यसलाई राजनीतिक, मित्रता, प्रेम सबै हिसाबले प्रष्ट्याउन खोजेका छौं ।'

यसपटक आफूले धेरै दर्शकहरुलाई मनपर्ने फिल्म बनाएको उनलाई लाग्छ । तर, फिल्म भनेको एउटा खेल जस्तै हो । सफलता र असफलताको ग्यारेन्टी हुन्न । दुवै नतिजा स्वीकार गर्न सक्ने सामर्थ्य मेकरमा हुनुपर्छ । कृषा पनि यसमा स्पष्ट छिन् । फिल्म सफल भए अझ राम्रो फिल्म बनाउने उनको संकल्प छ । कथमकदाचित असफल भए खुट्टा टेकेर फेरि उठ्ने उनले अठोट लिएकी छन् ।

---

# बक्स अफिसमा 'जुलेबी' र 'हिँड्दा हिँड्दै'को हरिविजोग




काठमाडौं/नेपाली फिल्मका लागि यस वर्षको भदौ महिनालाई विशेष रुपमा हेरिएको छ । गत बैशाखमा 'जारी' र असारमा 'बगान'बाहेक कुनै फिल्मले अपेक्षाकृत व्यापार नगरेकाले यो महिनामा सम्भावना बोकेका केही फिल्म प्रदर्शन हुँदैछन् । तर, भदौ महिनाको सुरुवात भने निराशाजनक देखिएको छ । भदौ १ गते प्रदर्शनमा उत्रिएका दुई फिल्म 'जुलेबी' र 'हिँड्दा हिँड्दै'ले हलमा घुँडा टेकेका छन् ।

स्टारडम भएको अभिनेताको रुपमा चित्रित गरिएका आकाश श्रेष्ठ अभिनीत 'हिँड्दा हिँड्दै'को दुई दिने कमाई १ लाख पनि नाघेको छैन । चलचित्र विकास बोर्डको तथ्यांकअनुसार फिल्मले दुई दिनमा जम्मा ७४ हजार रुपैयाँ कमाई गरेको छ । त्यसो त निर्माताले फिल्मलाई भगवान् भरोसामा छाडिदिएका थिए । अर्थात्, प्रचार नै गरिएको थिएन । त्यसको असर फिल्मको व्यापारमा परेको छ ।

बक्स अफिसमा 'जुलेबी'को हविगत पनि 'हिँड्दा हिँड्दै'को जस्तै छ । यो फिल्मले प्रदर्शनको दुई दिनमा जम्मा ९३ हजारको कमाई गरेको बोर्डको तथ्यांकमा देखिन्छ । कमाई कमजोर भएता पनि यो फिल्मले सुखद प्रतिक्रिया प्राप्त गरेको छ । तर, त्यसको प्रभाव व्यापारमा पर्न सकेको देखिन्न । दर्शकको चरम खडेरीपछि केही मल्टीप्लेक्सहरुले दुईटै फिल्मलाई दुई दिनमै उतारिसकेका छन् ।

अब सिंगो फिल्म क्षेत्रको भरोसा भदौको तीनवटा हप्तामा छ । भदौ ८ मा 'जय हो' र 'महानगर', भदौ १४ मा 'ऐंचो पैंचो' र 'गणपति' र भदौ २९ मा 'एक भगवत् गीता' र 'नाङ्गो गाउँले कोमामा रहेको नेपाली फिल्मको बजारलाई ब्यूँझाउन सक्ने प्रक्षेपण गरिएको छ । यतिबेला नेपाली हलमा विदेशी फिल्मको दबदबा छ । बलिउड फिल्म 'गदर २' र 'ओएमजी २'ले सुखद व्यापार गरिरहेका छन् ।

---

सारुक आत्महत्या प्रकरण :

# स्वस्तिमा भन्छिन्, 'नम्रता श्रेष्ठले स्पष्टीकरण दिनैपर्छ'

काठमाडौं/अभिनेता सारुक ताम्राकारको आत्महत्या प्रकरणको गुत्थी अझै सुल्झिन सकेको छैन । प्रहरीले अनुसन्धान भैरहेको दाबी गरिरहेको भए पनि उपलब्धि शून्य छ । प्राय: सेलिब्रेटीहरुले सारुकलाई आत्महत्या गर्न बाध्य पारिएको हुनसक्ने आशंका गरेका छन् । यसैले सारुकको निधनपछि केही दिन गम्भीर अनुसन्धान गर्नुपर्ने चर्को माग उठ्यो । तर, अहिले सबै 'तैं चुप, मैं चुप'को अवस्थामा छन् ।

सारुकको आत्महत्या प्रकरणमा अभिनेत्री नम्रता श्रेष्ठको नाम निकै जोडिएको छ । तन्त्रमन्त्रदेखि फिल्म 'ह्यासट्याग माया'को सेटमा सारुकसँग झगडाको प्रशंगसम्म मिडियामा सार्वजनिक भैसकेका छन् । तर, यस विषयमा नम्रता मौन छिन् । कतिपयले सारुकको निधनपछि उनी विदेश गएको समेत टिप्पणी गरेका छन् । सारुकसँग उनी लामो समयदेखि प्रेममा रहेको समेत चर्चा भैरहेको छ ।

यसबीच, अभिनेत्री स्वस्तिमा खड्काले सारुकको आत्महत्याबारे नम्रता श्रेष्ठले स्पष्टीकरण दिनुपर्ने धारणा राखेकी छन् । उनले एक टीभी अन्तर्वार्तामा भनेकी छन्, 'नम्रता श्रेष्ठसँग जोडिएका कुरा सुन्दा 'सक्ड' भएकी थिएँ ।

जे मिडियामा आएको छ र जे सुनिएको छ, यदि उहाँ संलग्न हो भने स्पष्टीकरण दिनुपर्छ । कति कुराहरु मिडियामा नआएको पनि छ । यसैले उहाँले स्पष्टीकरण दिनैपर्छ ।'

नम्रताले मिडियामा आएर भन्दा पनि सारुकको आमा-बुबालाई वास्तविकता भन्नुपर्ने उनको भनाई छ । 'मान्छे मरेर जानु भनेको त अन्तिमको कुरा हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

---

संघीय सचिवालयमा 'असभ्यता' :

# सिंहदरबारभित्र लाग्दैन ट्राफिक नियम



काठमाडौं/सिंहदरबार भित्र सडकको दुवैतर्फ आधा-आधा भाग र सडक पेटीको पुरै भाग ढाकेर गाडी राखिनु सामान्य बनेको छ । काम विशेषले सिंहदर बारभित्र जानेहरु फुटपाथबाट हिँड्न पाउँदैनन्, बीच सडकबाटै हिँड्नुपर्ने बाध्यता छ ।

गत बिहीबार कांग्रेस संसदीय दलको कार्यालय जान लागेका ओखलढुंगाका ३५ वर्षीय जोगबहादुर बस्नेत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अगाडिको सडकमा रनभुल्ल परे । फुटपाथ र सडकको एक छेउ ढाकेर गाडी राखेपछि उनी बीच सडकबाटै अगाडि बढ्दै थिए, अगाडिबाट पर्जेरो गाडी आएको देखेपछि फुटपाथतिर जान खोजे, तर गाडीले ढाकिएका कारण फुटपाथ जान नसक्ने भएपछि हातले इशारा दिएर पार्किङ गरेको गाडीमा अडेस लागे ।

'मान्छे हिँड्नलाई बनाएको पेटीभरि सरकारी गाडी र मोटरसाइकल छन्, सडकमा हिँड्दा गाडीले ठोक्देला भन्ने पीर !' बस्नेतले भने,'सिंहदरबारभित्रै पेटीभरि गाडी राखेपछि बाहिर फुटपाथमा व्यापारीले गाडी राख्नु के नौलो भयो र ?'

प्रधानमन्त्री, मन्त्री, उच्च पदस्थ सरकारी अधिकारीको दैनिक आउजाउ हुने सिंहदरबारभित्रको यो हालतले उनीहरुको अनुशासन र सभ्यता देखाउने बस्नेतले बताए ।

सिंहदरबारबाहिरको सडक र पेटीमा यसरी गाडी राख्ने हो भने काठमाडौं महानगरपालिकाले उठाउँथ्यो, नभए ट्राफिक प्रहरीले जरिवाना गर्थ्यो । सिंहदरबारभित्रको ट्राफिक नियमविपरीतका पार्किङ लगायतका गतिविधिहरू ती निकायले पनि टुलुटुलु हेर्न बाध्य छन् ।

'भीआईपीको गाडी भनेर छुट दिएको होला है ?' बस्नेतले भने, 'कि सिंहरदबारभित्र ट्राफिक नियम लागू हुँदैन र ?'

यसरी आधा सडक र फुटपाथ ढाकिने गरी पार्किङ गरिने गाडी धेरैजसो सरकारी नम्बर प्लेटका हुन् । त्यो पनि उच्चपदस्थ सरकारी अधिकारीले चढ्ने । यसरी सडक पेटीमा रोकिने अधिकार सेवाग्राहीको गाडीलाई छैन ।

संघीय संसद सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, कृषि तथा पशुपंक्षी, भौतिक पूर्वाधार, शहरी विकास, अर्थलगायतका मन्त्रालय अगाडि पार्किङका यस्ता समस्या छन् ।

यसरी फुटपाथ र सडक ढाकिने गरी गाडी राखिएका ठाउँमा कतै कतै त 'नो पार्किङ' लेखेको बोर्ड पनि राखिएका देखिन्छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) पोषराज पोखरेल सिंहदरबारभित्रको ट्राफिक व्यवस्थापनको अधिकार आफूहरुलाई नभएको बताउँछन् । 'दक्षिणतर्फका मन्त्रालयहरुको आसपास पार्किङको धेरै समस्या देखेका छौं, यसबारे हामीले चासो दिएका थियौं', उनले भने, 'अहिलेको अवस्थामा हामीले त्यहाँ ट्राफिक नियमअनुसार कारवाही गर्न पाउने अधिकार पाएकै छैनौं ।'

मन्त्रालयको अगाडि हुने जथाभावी पार्किङ नियन्त्रणको जिम्मा पनि सम्बन्धित मन्त्रालयको नै हुने डीआईजी पोखरेलले बताए । 'सम्बन्धित निकायबाट लेखेर आएमा हामी सिंहदरबारमा पनि कारवाही सहित ट्राफिक व्यवस्थापनको काम गर्न सक्छौं', डीआईजी पोखरेलले भने, 'हालकै अवस्थामा केही गर्न सक्दैनौं ।'

यसैपनि सिंहदरबारभित्र व्यवस्थित फुटपाथ छैन । हिँड्दाहिँड्दै सडकपेटी नै हराउँछन् । कतिपय ठाउँमा आधा फिटका पेटी छन् । सडकपेटीमा रेलिङ समेत नहाल्दा अपांगता भएकाहरुलाई सास्ती छ ।

ह्विलचेयरमा सिंहदर बार जानेहरुलाई गाडी गुड्ने सडकबाटै ह्विलचेयर गुडाउनुको विकल्प छैन । सडक छेउबाट ह्वीलचेयर गुडाउन पनि यस्ता ठाउँमा गाडी पार्किङ गरिएका हुन्छन् ।

अझ सिंहदरबारलाई ट्राफिक नियम नलाग्ने क्षेत्र घोषणा गरेर जथाभावी सवारी पार्क गर्दै अशक्त अपांग र पैदलयात्रीलाई पूर्णत: बेवास्ता गरिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक कर्मचारी सिंहदरबारभित्र धेरै कर्मचारी थुपार्ने र कर्मचारीलाई जथाभावी गाडी सुविधा उपलब्ध गराउने परम्पराले यस्तो अवस्था आएको भएको बताउँछन् ।

'हाम्रो मन्त्रालयमा मन्त्री, सचिव, विभाग र डिभिजनका हाकिमहरु रिझाएर अधिकृतहरुले समेत गाडी चढ्छन्', ती कर्मचारी भन्छन्, 'अनि यहाँ गाडी पार्क गर्न कसरी ठाउँ पुगोस् ।'

---

# भारतले लगायो प्याज निर्यातमा ४० प्रतिशत महसुल

काठमाडौं/भारतले निर्यात रोक्ने उद्देश्यका साथ प्याजको निर्यातमा महसुल बढाएको छ । अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सका अनुसार भारतले शनिबारदेखि लागू हुने गरी प्याजको निर्यातमा थप ४० प्रतिशत निर्यात महसुल लगाउने घोषणा गरेको हो ।

भारतको यस्तो निर्णयले नेपाली बजारमा प्याजको मूल्य महँगो हुनेछ । भारतले हरेक वर्ष मुख्य चाडपर्व नजिकिँदै गएपछि प्याजको निर्यातमा अवरोध गर्दै आएको छ ।

भारतको अर्थ मन्त्रालयअन्तर्गत अप्रत्यक्ष कर तथा भन्सार बोर्डले २ भदौदेखि १५ पुससम्म लागू हुने गरी प्याज निर्यातमा महसुल बढाएको हो । भारत विश्वको सबैभन्दा ठूलो प्याज निर्यातकर्ता मुलुक हो ।

केही दिनयता आन्तरिक बजारमा प्याजको मूल्य बढेपछि यस्तो निर्णय भएको सरकारी अधिकारीहरूले बताएका छन् । नेपालको मुख्य प्याजको स्रोत मुलुक भारत हो । गत वर्ष नेपालले भारतबाट ६ अर्ब ७५ करोड रुपैयाँको १८ करोड किलो प्याज आयात गरेको थियो ।

नेपाली बजारमा अहिले प्याज प्रतिकिलो ६१ रुपैयाँ थोक मूल्यका खरिद बिक्री भइरहेको छ । नेपाल आलु प्याज व्यवसायी संघका अनुसार भारतको निर्णयले नेपालको बजार पनि प्रभावित हुनेछ । अहिले भारतबाट नेपालमा खरिद गरेर ल्याउँदा प्याजको प्रतिकिलो मूल्य ५० रुपैयाँ हराहारी पुग्ने गरेको संघका महासचिव प्रकाश गजुरेलले बताए ।

भारतले प्याजमा निर्यात महशुल लगाउँदा त्यसले नेपालको मूल्यशृंखला प्रभावित हुने पूर्व बाणिज्य सचिव चन्द्रकुमार घिमिरे बताउँछन् । 'त्यसले नेपालमा प्याजको मूल्य बढाउने छ । भारतले विगतमा पनि यस्तो गर्दै आएकाले यस्ता वस्तु नेपालमा नै उत्पादन बढाउनुपर्छ,' उनले भने ।

# इंग्ल्यान्डलाई हराउँदै स्पेनले जित्यो महिला विश्वकप फुटबलको उपाधि

काठमाडौं/ इंग्ल्याण्डलाई १-० ले हराउँदै स्पेनले पहिलो पल्ट महिला विश्वकप फुटबलको उपाधि जितेको छ ।

पहिलो हाफदेखि नै इंल्यान्डमाथि दबाब कायम गरेको स्पेनले खेलको २९ औं मिनेटमा गरेको गोल नै निर्णायक भयो । स्पेनको लागि कप्तान ओल्गा कारमोना गोल गर्दै टिमलाई अग्रता दिलाएकी थिइन् ।

खेलको १६ औं मिनेटमा इंग्ल्यान्डले प्रहार गरेको बल पोष्टबार माथि लागेर फर्किएको हो । १७ औं मिनेटमा स्पेनको प्रहार इङ्लन्डकी गोलकिपर म्यारी इराप्सले बचाइन् ।

स्पेनले खेलको ६९ औं मिनेटमा पाएको पेनाल्टी इंग्ल्यान्डकी गोलकिपर इराप्सले बचाएकी थिइन् । तर पनि उनले टिमलाई उपाधि जिताउन सकिनन् ।

यो हारसँगै गत वर्ष इंग्ल्याण्ड लगातार युरो कप र विश्वकप जित्ने टिमको कीर्तिमान बनाउनबाट चुकेको छ ।

स्पेन महिला विश्वकप फुटबल जित्ने पाँचौ टिम बनेको छ । यसअघि अमेरिकाले ४ पटक, जर्मनीले २ पटक तथा नर्वे र जापानले १-१ पटक विश्वकप जितेका छन् । स्पेन महिला र पुरुष दुवै फुटबल विश्वकप जित्ने दोस्रो टोली पनि बनेबो छ । यसअघि जर्मनीको दुवै टिमले विश्वकप जितिसकेका छन् ।

# बुढीचौरका खेतबारीमा जनप्रतिनिधि, कृषकसँग अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुरगढी गाउँपालिकाका वडा नम्बर-८ बुढीचौरमा सुक्रबार किसानहरुको तरकारी बालीको अवलोकनका साथै कृषकसँग अन्तर क्रिया गरिएको छ ।

गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, वडा नम्बर ८ का वडाअध्यक्ष कुमार घिसिङ, वडासदस्य गोकुल देवकोटा, कृषिशाखा प्रमुख चन्द्रकान्त चौधरी, स्वास्थ्यसाखा प्रमुख धुब लामिछाने, एसआईएस अपरेटर मनोज देबकोटा स्थानीय कृषक सहितको टोलीले किसानको तरकारी बालीको अवलोकन गर्नुका साथै वडा नम्बर ८ का कृषकसँग अन्तरक्रिया गरिएको छ ।

एकता स्वाबलम्बन कृषि सहकारी संस्थाकाको भवनामा भएको अन्तरक्रिया कार्यक्रमा कार्यक्रममा वडा न ८ का वडाध्यक्ष कुमारसिंह घिसिङ, वडासदस्यद्वय गोकुल देबकोटा, गमला विक, स्वास्थ्य शाखा प्रमुख ध्रुवप्रसाद लामिछाने, सहकारी संस्थाका पदाधिकारीहरु र ५० जना कृषकको सहभागिता रहेको थियो ।

कार्यक्रमा उपस्थित कृषकले आफूले भोगेका बिभिन्न समस्याहरु राखेका थिए । समयमा गुणस्तरीय कृषि सामग्रीहरु नपाउनु, अहिले टमाटर खेतीमा देखिएको प्रकोप, अन्य तरकारीमा देखिएको रोगकीराको प्रकोप, प्राकृतिक प्रकोप, यातायातको समस्या, बजारीकरणा लगायतका समस्याहरुको अन्तरक्रिया कार्यक्रममा राखेका थिए ।

कार्यक्रमा बोल्दै गाउँपलिका अध्यक्ष लामाले अहिले गरिरहेको कामको कृषकको कृषि कर्मलाई उच्चकदर गर्दै गाउँपालिका यस वडालाई विषेश प्राथमिकतामा राखेको बताउदै यस वर्ष बुढीचौरको तरकारी उत्पादनलाई मध्यनजर गर्दै ईक्चुङ हुँदै र सुकौरा हुँदै हेटौंडासम्म दैनिकरुपमा सवारीसाधन आवतजावत गर्न सक्ने वातावरण मिलाइरहेको बताए । अगामी दिनमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी थप कृषिको क्षेत्रमा लगानी भित्र्याउने पनि अध्यक्ष लामाले बताए ।

मक्वानपुरगढी गाउँपालिका अध्यक्ष स्याङ्तानको प्रमुख आतिथ्यतामा, सहकारी सस्थाका अध्यक्ष बालानन्द तिमल्सिनाको सभाअध्यक्षतामा भएको थियो । मकवानपुरगढी ८ बुढिचौरमा मुख्य रुपमा प्लाष्टिक टनेल भित्र बेमौसमी गोलभेडा खेतीका साथै काउली, बन्दा, रायोसाग, अकबरे खुर्सानी, काँक्रो, धनियाँ, केराउ, ईस्कुस लगायतका तरकारीहरु उत्पादन गर्दै आईरहेका छन् ।

# कैलाशमा खोलाले बगाउँदा बालिकाको मृत्यु


साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुरको विकट कैलाश गाउँपालिकामा खोलाले बगाउँदा बालिकाको मृत्यु भएको छ । कैलाश गाउँपालिका-१० मा मनहरी खोलाले बगाउँदा ४ वर्षीया बालिकाको मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ ।

आइतबार कैलाश-१०, भालटारमा मनहरी खोलाले बगाउँदा ४ वर्षीया प्रमिसा स्याङ्तानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । साथीहरुसँग खेल्न गएकी प्रमिसालाई खोलाले बगाएर मृत्यु भएको भनी स्थानीयले प्रहरीलाई जानकारी गर ाएका थिए ।

अस्थायी प्रहरी पोष्ट नामटारबाट प्रहरी सहायक निरीक्षक मानबहादुर तामाङसहितको टोलीले घटनास्थललाई सुरक्षित राखेको तथा आवश्यक अनुसन्धान र कानुनी प्रक्रियाको लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी निरीक्षक सहितको टोली गएको मकवानपुर प्रहरीले जनाएको छ ।

# सत्तापक्षका नेतालाई जोगाउन एआईजीको सरुवाः बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सरकारले आफ्ना मान्छेलाई जोगाउन सुन तस्करी छानबिनमा संलग्न प्रहरी अधिकारीहरुको सरुवा गरेको आरोप लगाएको छ ।

एमालेका सचेतक महेश बर्तौलाले सत्तापक्षकै नेताहरु सुन तस्करी प्रकरणमा मुछिएपछि सरकारले उनीहरुलाई उन्मुक्ति दिने गरी अनुसन्धानमा संलग्न प्रहरी अधिकारी (एआईजी) को सरुवा गर्ने काम गरेको आरोप लगाएका हुन् । आइतबार संघीय संसद भवन परिसरमा पत्रकारहरुसँग कुराकानी गर्दै उनले सीआईबीलगायतका सरकारी निकाय सत्तापक्षले आफ्नो इसारामा चलाउने काम भएपछि आफूहरुलाई त्यसले स्वतन्त्र र निष्पक्ष ढंगले सुन तस्करीको अनुसन्धान गर्ला भन्ने नलागेको बताए ।

सचेतक बर्तौलाले सुन तस्करी प्रकरणको अनुसन्धानका लागि उच्चस्तरीय छानबीन समिति बनाउनुपर्ने आफ्नो पार्टीको मागको औचित्य झनै पुष्टि भएर गएको दाबी गर्दै त्यसबाट पछि हट्न नसकिने बताए । सचेतक बर्तौलाले एमालेले संसद बैठक अवरुद्ध नपार्ने तर सुन तस्करीको अनुसन्धानलाई स्वतन्त्र र निष्पक्ष ढंगले अघि बढाउन उच्चस्तरीय समिति भने बन्नुपर्ने बताए ।

# मनहरीमा ६९३ सुकुम्बासी परिवारलाई जग्गा दिन सिफारिस




साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाका सुकुम्बासीलाई बितरणका लागि मनहरी गाउँपालिकामा पर्याप्त जग्गा फेला परेको छ ।

गाउँपालिकाका ९ वटै वडामा खाली र पर्ती जग्गा रहेकाले सुकुम्बासी परिवारलाई बितरण गर्न जग्गाको अभाव नरहेको वडा कार्यालयहरुले गाउँ कार्यपालिकालाई जानकारी गराएको हो । मनहरी गाउँपालिका भूमि व्यवस्थापन शाखा प्रमुख राजेन्द्र चौलागाईका अनुसार कूल ६९३ जना सुकुम्बासी पहिचान भएको छ । दलित भूमिहीन १०१ परिवार र भूमिहीन सुकुम्बासी ५९२ परिवार पहिचान भई उनीहरुलाई जग्गा बितरणका लागि राष्ट्रिय भूमि आयोगमा प्रतिवेदनका साथ सिफारिस गरिएको उनले बताए ।

मनहरी गाउँपालिकाका २०८० साउन १६ गतेको कार्यपालिका बैठकले ६९३ परिवार सुकुम्बासीलाई बितरण गर्नका लागि १ देखि ९ वटै वडामा पर्याप्त जग्गा रहेको विवरणसहित आयोगलाई सिफारिस गर्ने निर्णय गरेको हो । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठका अनुसार वडा नं १ मा २२० कठ्ठा, वडा नं २ मा एक हजार कठ्ठा, वडा नं ३ मा २ सय कठ्ठा, वडा नं ४ मा ८९४ कठ्ठा, वडा नं ५ मा २२० कठ्ठा, वडा नं ६ मा ४२० कठ्ठा, वडा नं ७ मा २ हजार १ सय कठ्ठा, वडा नं ८ मा ३२० कठ्ठा र वडा नं ९ मा ३२० कठ्ठा जग्गा फेला पारिएको छ ।

९ वटै वडामा कूल ५ हजार ३ सय ७४ कठ्ठा जग्गा फेला पारिएको कार्यपालिकाले जनाएको छ । यद्यपि मनहरी गाउँपालिका भित्रका ६९३ परिवार सुकुम्बासीका लागि जग्गा बितरण गर्न ३ हजार ६ सय ४८ कठ्ठा जग्गा आवश्यक पर्छ । गाउँपालिकाले राष्ट्रिय भूमि आयोगलाई सिफारिस गरिएका खुला र पर्ती जग्गाहरु अधिकाँश पर्सा र ाष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा परेका छन् । कानूनी जटिलताका कारण निकुन्जले ती जग्गालाई नापी गर्न दिनसक्ने अबस्था भने नदेखिएको जानकारहरु बताउँछन् ।

# भन्सार छली ल्याएका ५ लाख बढीका सामान बरामद



साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/भन्सार छली गरेर ल्याएका सामानहरु हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१५ रातोमाटेबाट प्रहरीले बरामद गरेको छ । बिभीन्न सवारीका साधनमा ल्याएका सामानहरु प्रहरीले बरामद गरेको हो ।

प्रहरीले पाँच लाख २७ हजार मूल्य बराबरका सामानहरु बरामद गरेको जनाएको छ । बसहरुमा लुकाई छिपाई ल्याएको अबस्थामा कपडा लगायतका सामानहरु बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । बीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको बा प्र ०३-००१ ख २४७३ नम्बरको बसमा यात्रु बस्ने सिटबाट काजु ६२ केजी, रजनीगन्ध १५ वटा सानो डब्बा, तुलसी सुर्ती ३ झोला बरामद गरिएको छ ।

यसैगरी, बीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको ना ५ ख २४६८ नम्बरको बसको अगाडिको केबिनबाट अमुल बटर २ काटुन, फ्रेस क्रिम १ काटुन, अमुल घिउ २ काटुन बरामद गरिएको प्रहरीले जनाएको छ ।

यसैगरी बीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको ना ७ ख ६००५ नम्बरको बसको डिक्किबाट मोबाईल पार्टस् १ कार्टुन भित्र सानो कार्टुन २२ वटा, जुता २५ थान बरामद गरिएको प्रहरीले जनाएको छ ।

# बन्दीको मृत्युसँगै बाल सुधार गृहमा तोडफोड, छानबिन समिति गठन

भक्तपुर, ३ भदौ/ बलात्कारको आरोपमा मध्यपुरथिमि नगरपालिका-२ सानोठिमीस्थित बाल सुधार गृहको थुनामा रहेका एक युवकको आइतबार मृत्यु भएपछि सुधार गृहमा तोडफोड भएको छ ।

रामेछापको मन्थली नगरपालिका-३, कठजोरका २१ वर्षीय कमल बस्नेतको आइतबार बिहान रहस्यमय ढंगले मृत्यु भएको भन्दै निजका आफन्तले बाल सुधार गृह अगाडि नाराबाजी गरी तोडफोड गरेपछि दिनभर तनाव ग्रस्त भएको हो । बालसुधार गृहभित्र रहेका बस्नेतको मृत्युपछि सुधार गृहमा रहेका पुरुष थुनुवाले भित्रैबाट र मृतकका आफन्तले बाहिरबाट घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए ।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले जिल्ला प्रहरी कार्यालय रामेछापबाट विसं २०७७ जेठ २९ गते जबरजस्ती करणी मुद्दाका कारण सुधार गृहमा राखिएका बस्नेतको आइतबार बिहान अचानक बेहोस भएपछि उपचारका लागि गठ्ठाघरस्थित नागरिक अस्पतालमा लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको जानकारी दिए ।

मृतकको बाया खुट्टाको तिघ्रामा पिलो आएको र पहिलादेखि नै आँखामा समस्या रहेको तर बेहोसको कारण खुल्न नसकेको भन्दै घटनाबारे आवश्यक छानबिन गरिरहेको उनले बताए । सुधार गृहले आइतबार परिवारलाई मृत्यु भएको खबर दिए पनि मृत्युको कारण स्पष्ट नगराएको र मृत्यु रहस्यमय भएको भन्दै आफन्तले घटनाबारे बुझ्न खोज्दा उल्टै प्रहरी वृत्त थिमिका प्रहरीले पीडित पक्षमाथि दुर्व्यवहार गरेको आफन्तले आरोप लगाएका छन् । उनीहरुले समयमै उपचार नपाउँदा ज्यान गएको भन्दै घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए ।

घटनापछि आइतबार अपराह्न जिल्ला सुरक्षा समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा बसेको बैठकले घटनाबारे यथार्थ बुझ्न सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्रप्रसाद निरौलाको नेतृत्वमा छानबिन समिति गठन गरेको छ ।

प्रजिअ रिजालले घटनाको अनुसन्धान तथा छानबिन गरी सत्यतथ्य ल्याउन निरौलाको नेतृत्वमा प्रहरी परिसर भक्तपुरका डिएसपी वसन्त पाठक, जिल्ला प्रशासन कार्यालयका अधिकृत अशोककुमार पोखरेल सदस्य सचिव र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अधिकृत प्रतिनिधि सदस्य रहेको छनबिन समिति गठन गरेको जानकारी दिए ।

प्रजिअ रिजालले भने, 'समितिलाई सात दिनभित्र सत्यतथ्य छानबिन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकेका छौं, मृतकका परिवारसँग पनि छलफल भयो, मृतक पक्षसँग सत्यतथ्य अनुसन्धान गर्ने र उनीहरुको जाहेरी प्रहरीले दर्ता गर्ने सहमति भएको छ ।'

सुधार गृहका इन्जार्च सन्तुलन देशेमरुले मृतक बस्नेत शनिबार साँझ खाना खाएर सुतेको तर राति उठेर ज्वरो आयो भन्दै औषधि मागेर खाएको जानकारी दिए । औषधि खाएर सुते पनि बिहान बेहोस भएपछि तत्कालै नजिकैको नागरिक अस्पताल लगेर उपचार गर्ने क्रममै मृत्यु भएको उनले बताए । ज्वरो आएपछि शनिबार नै नेपाली सेनामा रहेका मृतकका दाजुलाई बिरामीका बारेमा जानकारी दिएर बोलाएको उनले बताए ।

युसेप नेपालको व्यवस्थापनमा नेपाल सरकार गृह मन्त्रालयअन्तर्गत सञ्चालनमा रहेको बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबन्दी रहेका छन् । यहाँ दुई सय १० जनाको क्षमता रहेपछि विभिन्न अपराधका घटनामा परेर सुधार गृहमा रहेका ४३ केटी र दुई सय ५७ केटा गरी हाल तीन सय बन्दी रहेका युसेपन नेपालका निर्देशक केशव सुवालले जानकारी दिए ।

बालबालिकालाई मात्रै सुधार गृहमा राख्ने नियम भए पनि १८ उमेर नाघेकालाई सरकारले कारागारमा पठाउने व्यवस्था नगर्दा सुधार गृहमा १८ वर्षभन्दा माथि उमेरका केटा केटीसमेत रहेका छन् । सुधार गृहमै खाने, बस्ने, खेल्ने, पढ्ने लगायतको सुविधा सरकारले दिएको छ । सुधार गृहभित्रै रहेको विद्यालयमा कक्षा १० सम्मको अध्ययन हुने गरेको निर्देशक सुवालले जानकारी दिए ।

# बोरामा राखी भारत लैजाँदै गरिएका बालबालिकाको उद्धार



साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/नेपाली दुई बालबालिकालाई बोरामा राखेर भारततर्फ लैजाँदै गरेका एक युवकलाई सिमावर्ती गाउँपालिका देवतालबाट सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बलका प्रहरीउपरीक्षक टोपबहादुर डाँगीका अनुसार देवताल गाउँपालिका-३ अमवा गाउँका शिवपुजन महतोकी ९ महिनाकी छोरी र प्रेमचन्द्र महतोका २ वर्षीय छोरालाई आइतबार उद्दार गरी नेपाल प्रहरीलाई जिम्मा लगाइएको छ । बालबालिका चोरी गरेको आरोपमा भारतको पूर्वीचम्पारण मूर्तिया ग्रामपञ्चायत वडा नं ४ आदापुरका २२ वर्षीय तबरेज आलमलाई नियन्त्रणमा लिइएको प्रहरीउपरीक्षक डाँगीले बताए ।

आलममाथि थप अनुसन्धान भइरहेको प्रहरीउपरीक्षक डाँगीले बताए । उनका अनुसार बोरामा राखी भारततर्फ लैजाने क्रममा बच्चाहरु रोएको आवाज सुनेपछि उद्दार गरिएको हो । उद्दार गरिएका बालबालिकालाई आइतबार नै अभिभावकको जिम्मा लगाइएको छ ।

# बायो ग्यास उत्पादन नजिक भीमफेदी कारागार

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुरको भीमफेदी कारागारले आगामी असोज अन्तिम साताबाट बायो ग्यास उत्पादन गर्ने भएको छ । कारागारबाट निस्कने फोहोरबाट बायो ग्यासको उत्पादन सुरु गर्ने भएको कारागारका जेलर तीर्थराज पौडेलले जानकारी दिए ।

पौडेलका अनुसार, बायो ग्यास उत्पादनका लागि बोलपत्र आह्वान गरिसकेको र भदौको तेस्रो सातासम्ममा बोलपत्रलाई स्वीकृत गर्ने लक्ष्य रहेको छ । ग्यास उत्पादनको लागि बागमती प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ मा ३० लाख रुपैयाँ अनुदान रकम उपलब्ध गराएको छ ।

कारागारमा हाल १ हजार ७० जना बन्दीकैदीहरु रहेका छन् । तीमध्ये ३१ जना महिला रहेका छन् भने अन्य सबै पुरुष रहेका छन् ।

# मउवासंघको कार्यकारी निर्देशकमा सुवेदी



हेटौंडा, ३ भदौ/ मकवानपुर उद्योग वाणिज्य संघको कार्यकारी निर्देशक पदमा हेटौंडा-११ निवासी सुजन सुवेदी नियुक्त भएका छन् ।

स्नातकोत्तर गरेका सुवेदी भाद्र ३ गतेबाट मउवासंघको कार्यकारी निर्देशक नियुक्त भएका हुन् । विभिन्न क्याम्पसमा प्राध्यापन गरेको र औद्योगिक प्रतिष्ठानको व्यवस्थापनको उनको अनुभवले संघलाई थप प्रभावशील तुल्याउने विश्वास लिएको संघका महासचिव दीपक उप्रेतीले बताए ।


## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरु** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

## सूचना ! सूचना ! सूचना !

यही आउने भदौ १६ गते काठमाडौं शहिद गंगालाल हृदय केन्द्र काठमाडौंबाट बरिष्ठ मुटु रोग विशेषज्ञ डा. विवेक बानियाँ आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High Blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नुहोला ।

**हाम्रो सेवाहरू** :

- ECHO मुटुको भिडिओ एक्स-रे सेवा
- E.C.G. भिडिओ एक्स-रे सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुती सम्बन्धी सेवा
- नाक, कान तथा घाँटी रोग सम्बन्धी सेवा

*सम्पर्क :*

**मकवानपुर पोलिक्लिनिक**

हेटौंडा-०१, भिन्तुनापथ
(सञ्चो हस्पिटल अगाडि, मकवानपुर सहकारी हस्पिटल सँगै)
सम्पर्क नं. : ०५७-५२५६०१, ९८४५२३७६११, ९८०७१३१३६४


## हार्दिक श्रद्धाञ्जली



**जन्मः** २०३९/१०/१५

**स्वर्गारोहणः** २०८०/०४/१६

स्व. उमेश लामा थिङ

हाम्रा सुपुत्र/मेरा प्रातःस्मरणीय पति **उमेश लामा थिङ**को असामयिक स्वर्गारोहण भएको आज २१ औं दिनको पुण्यतिथिमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको यस घडीमा हामीप्रति सहयोग, सद्भाव र समवेदना व्यक्त गर्नुहुने तथा सागरमा पाल्नुहुने इष्टमित्र, छरछिमेकलगायत सम्पूर्ण महानुभावहरुप्रति कृतज्ञ हुँदै २१ औं दिनको पुण्यतिथिमा पितृप्रसाद ग्रहणका निमित्त मिति २०८० भदौ ४ गते, दिउँसो २:०० बजेदेखि हेटौंडा-१ चौकीटोलस्थित आफ्नै निवासमा पाल्नुहुन सादर आमन्त्रण गर्दछौं ।

बुवाः **बलीबहादुर थिङ**
श्रीमतीः **विपना तामाङ्ग**
छोरीहरुः **स्नेहा थिङ, स्मृति थिङ**
एवम्
**समस्त थिङ परिवार**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना